जेठ - २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


वर्ष २४, अङ्क ४ | २०७२, जेठ १६–३२ | पूर्णाङ्क ५५०





प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

मानननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष
माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य
नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य
अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य
वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य
सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण बि.क.
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**सुपरभाइजर :** श्री कान्छा श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**विक्री शाखामा कार्यरत कर्मचारी**

डि.श्री नरबहादुर खत्री


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | १ |
| पूर्ण इजलास | ३ |
| संयुक्त इजलास | १४ |
| इजलास नं. १ | १७ |
| इजलास नं. २ | ५ |
| इजलास नं. ३ | ९ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ५ | ७ |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | १ |
| एकल इजलास | ७ |
| रीत/बेरीत आदेश | ६ |
| जम्मा | ८० |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

### एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, जेठ – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०– ०१– ३३३– ५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

---

मूल्य रू.१५।-

मुद्रकः सनसाईन प्रिन्टिङ्ग प्रेस, बागबजार, काठमाडौं ।

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१** |
| १. | उत्प्रेषण | अधिवक्ता चन्द्रलाल श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **पूर्ण इजलास** | | | **१-२** |
| २. | बन्दी प्रत्यक्षीकरण | आरती पौडेल वि. जिल्ला सरकारी वकिलको कार्यालय, सुर्खेतसमेत | |
| ३. | अंश चलन | इस्लाम मियाँसमेत वि. महमद कलिम मियाँसमेत | |
| **संयुक्त इजलास** | | | **२-८** |
| ४. | अदालतको अवहेलना | हरिप्रसाद मण्डल वि. शत्रुघन यादवसमेत | |
| ५. | निषेधाज्ञा | विष्णुबहादुर कार्की वि. जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेत | |
| ६. | निषेधाज्ञा | बेदबहादुर श्रेष्ठ वि. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालय, दूरसञ्चार भवन, भद्रकाली प्लाजा काठमाडौंसमेत | |
| ७. | गोली हानी गैंडा घाइते पारेको | नेपाल सरकार वि. रामबहादुर बलसमेत | |
| ८. | भ्रष्टाचार | नेपाल सरकार (सैनिक अनुसन्धान समिति) वि. सुधिर श्रेष्ठ | |
| ९. | उत्प्रेषण/ परमादेश | मु.स. गर्ने अनिता कंसाकारसमेत वि. जगतशोभा कंसाकारसमेत | |
| १०. | कर्तव्य ज्यान | भोला वि.क. वि. नेपाल सरकार | |
| ११. | अपहरण | नेपाल सरकार वि. मुरारी भुजेल, मुरारी भुजेल वि. नेपाल सरकार | |
| १२. | सवारी ज्यान | नेपाल सरकार वि. सुन्दर श्रेष्ठसमेत | |
| १३. | उत्प्रेषण/ परमादेश | भरतबहादुर कार्कीसमेत वि. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयसमेत | |
| १४. | अंश चलन | नानीमाया कपाली वि. प्रमिला कपाली | |
| **इजलास नं. १** | | | **८-१६** |
| १५. | बन्दी प्रत्यक्षीकरण | अधिवक्ता राकेशकुमार साह वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत | |
| १६. | उत्प्रेषण/ परमादेश | रामऔतार राय वि. रामधारी रायसमेत | |
| १७. | उत्प्रेषण/ परमादेश | रामोअशिष दास वि. श्याम चौधरीसमेत | |
| १८. | उत्प्रेषण/ परमादेश | शिवधर मुखिया वि. जैलम खातुनसमेत | |
| १९. | उत्प्रेषण | नानीराम हुमागाईं वि. गृह मन्त्रालयसमेत | |
| २०. | उत्प्रेषण/ परमादेश | राजेश्वर साह तेली वि. बिन्देश्वरा साह तेलीसमेत | |

| | | |
|---|---|---|
| २१. | उत्प्रेषण | पुण्यदेव मण्डल धानुक वि. उपेन्द्र महतो नुनियासमेत |
| २२. | उत्प्रेषण/ परमादेश | रामशरण सिलवाल वि. शिक्षा मन्त्रालयसमेत |
| २३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कृष्ण भन्ने देवेन्द्र नेपाली |
| २४. | उत्प्रेषण/ परमादेश | तारानन्द झासमेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| २५. | उत्प्रेषण/ परमादेश | लक्ष्मण महतोसमेत वि. सुनीतादेवी महतोसमेत |
| २६. | परमादेश | प्रा.डा.गोविन्द के.सी. समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| २७. | नक्सा पास र नक्सासमेत बदर गरिपाऊँ | रामाकान्त तेली वि. कमला ठाकुरसमेत |
| २८. | हक कायम खिचोला | अलखनन्दन कुर्मीसमेत वि. गंगाराम कुर्मीसमेत |
| २९. | चलन चलाई पाउँ | रामाकान्त तेली वि. कमला ठाकुर |
| ३०. | जबर्जस्ती करणी | गोम्चे गन्धर्ब वि. नेपाल सरकार |
| **इजलास नं. २** | | **१६-१९** |
| ३१. | भ्रष्टाचार | नेपाल सरकार वि. वीरेन्द्रकुमार सिंहसमेत |

| | | |
|---|---|---|
| ३२. | परमादेश | अधिवक्ता सुनिलरञ्जन सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ३३. | बन्दी प्रत्यक्षीकरण | राजु श्रेष्ठ वि. केन्द्रीय अनुन्धान ब्युरो, महाराजगञ्ज काठमाडौंसमेत |
| ३४. | उत्प्रेषण/ परमादेश | राजकुमार विश्वकर्मा वि. डा. सन्तोषकुमार ढुङ्गानासमेत |
| ३५. | उत्प्रेषण/ परमादेश | कृष्णबहादुर तामाङसमेत वि. महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाडौंसमेत |
| **इजलास नं. ३** | | **१९-२२** |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. आदम राइन कवारी |
| ३७. | उत्प्रेषण/ परमादेश | पशुपतिकुमार यादव वि. पुनरावेदन अदालत, राजविराजसमेत |
| ३८. | वैदेशिक रोजगार ठगी | अम्बिका भन्ने मिलन बुढाथोकी वि. नेपाल सरकार |
| ३९. | करार बमोजिम गरिपाउँ | प्रदीपराज पाण्डेसमेत वि. कर्मलक्ष्मी कंसाकार |
| ४०. | मानव बेचबिखन | बालविवाह, जबर्जस्ती करणी, लोकबहादुर कार्कीसमेत वि. नेपाल सरकार |

| इजलास नं. ४ | | २२-२५ |
|---|---|---|
| ४१. | प्रतिषेध/ परमादेश | चन्द्रकान्त भट्टराईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ४२. | प्रतिषेध/ उत्प्रेषण/ परमादेश | लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि.समेत वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेत |
| ४३. | स्ववासी घरजग्गा दर्ता | जगतबहादुर तामाङ भन्ने जगतबहादुर गुरूङ वि. मालपोत कार्यालय, बेशीसहर लमजुङ |
| ४४. | उत्प्रेषण | सरोज अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **इजलास नं. ५** | | **२५-२८** |
| ४५. | नकबजनी चोरी | नेपाल सरकार वि. कुमार राईसमेत |
| ४६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विष्णु यादवसमेत |
| ४७. | मोही लगत कट्टा | सोनाई मण्डल वि. किशोरकुमार मण्डल |
| ४८. | लागुऔषध खैरो हेरोइन | दीपेन्द्रकुमार सिंह वि. नेपाल सरकार |
| ४९. | जालसाज | रामस्वरूप मोची वि. रामकुमारी मोचीसमेत |
| ५०. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. हृदयराम यादवसमेत |
| **इजलास नं. ६** | | **२८-३०** |
| ५१. | नामसारी | विनोदकुमार श्रेष्ठ वि. सरस्वती माया गणेजु |
| ५२. | जग्गा दर्ता नामसारी निर्णय बदर | चमेली शाक्य वि. कृष्ण शाक्य |
| ५३. | कुटपिट | गुरूदीन कुर्मी वि. परमेश्वर कुर्मी |
| ५४. | अंश | मायाकुमारी गुरूङ वि. जसबहादुर गुरूङसमेत |
| **इजलास नं. ७** | | **३०-३२** |
| ५५. | भ्रष्टाचार | नेपाल सरकार वि. विनयकुमार गामीसमेत |
| ५६. | बहाल भराई घरबाट उठाई चलन चलाई पाउँ | इन्द्रनारायण मानन्धर वि. कृष्णभक्त मानन्धर |
| **इजलास नं. ८** | | **३२** |
| ५७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. टेक सिंह साउद |
| **एकल इजलास** | | **३२-३४** |
| ५८. | उत्प्रेषण/ परमादेश | अनिलकुमार तिमिल्सिना वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत |
| ५९. | परमादेश | तुलबहादुर सुनार वि. मालपोत कार्यालय, कास्की पोखरा |
| ६०. | उत्प्रेषण/ परमादेश | सत्यनारायण दायमा वि. जिल्ला प्रशासन कार्यालय, मोरङ विराटनगरसमेत |
| ६१. | उत्प्रेषण/ परमादेश | चन्द्रावती श्रेष्ठसमेत वि. राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा काठमाडौंसमेत |

| | | |
|---|---|---|
| ६२. | परमादेश | भीमबहादुर विश्वकर्मा वि. मालपोत कार्यालय, कास्की पोखरा |
| ६३. | उत्प्रेषण | जयकलीदेवी साह वि. रामविनय साहसमेत |
| ६४. | बन्दी प्रत्यक्षीकरण | कपिल अधिकारी महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत |
| **रीत/बेरीत आदेश** | | **३४-३६** |
| ६५. | वैदेशिक रोजगार | कमल रायमाझी वि. नेपाल सरकार |
| ६६. | अंश चलन | दीपकराज गोर्खाली श्रेष्ठ वि. अङ्कित गोर्खाली श्रेष्ठसमेत |
| ६७. | भन्सार महसुल | वीरगन्ज भन्सार कार्यालय, पर्सा वि. राजस्व न्यायाधिकरण, काठमाडौंसमेत |
| ६८. | कर्तव्य ज्यान | अंशी राईन वि. नेपाल सरकार |
| ६९. | अपहरण तथा शरीर बन्धक उद्योग | एडा भन्ने सुनिल पाण्डे वि. नेपाल सरकार |

## विशेष इजलास

**मा.न्या.श्री कल्याण श्रेष्ठ मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WS-००२६, उत्प्रेषण, *अधिवक्ता चन्द्रलाल श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

जग्गाको द्वैध स्वामित्व अन्त्य गर्ने ऐनको मूल उद्देश्यलाई मूर्त रूप प्रदान गर्न मिति २०६३।२।२९ गतेको राजपत्रको सूचना नं. १ मा जग्गा बाँडफाँडको लागि निवेदन दिने म्याद २०६३ साल चैत मसान्तसम्म तोकिएको र सूचना नं. २ मा उक्त निवेदनको कारवाही २०६४ साल चैत मसान्तसम्म टुङ्गो लगाउनुपर्ने भनी समय निर्धारण गरी सूचना प्रकाशित गरिएको छ। भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ१ र २६घ३ को कानूनी व्यवस्थाले मोही लागेको जग्गा बाँडफाँड गर्न निवेदन दिने तथा त्यस्ता निवेदनहरूको फछ्र्यौट गर्ने विषयमा समयसीमा निर्धारण गरी यस विषयलाई नियमित गर्न खोजेको देखिन आउने।

भूमिमा रहेको द्वैध स्वामित्व समाप्त गरी मोहीलाई आधा जग्गाको हक दिलाउने प्रयोजनका लागि भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ१ र २६घ३ मा गरिएको समयबद्ध व्यवस्थाले कुन सार्वजनिक हितको प्रतिकूल कार्य भएको छ वा हुन्छ र निवेदकहरूको हकमा के कस्तो असर परेको छ वा पर्छ भन्ने कुरा निवेदकहरूले रिट निवेदनमा स्पष्ट गर्न सकेको देखिदैन । निवेदकहरूले संविधानप्रतिकूल भनी चुनौती गरेको उल्लिखित दफा २६घ१ र २६घ३ मोहीलाई जग्गा धनीको रूपमा रूपान्तरण गर्न असल नियतले ल्याइएको कानूनी व्यवस्था भएको देखिन्छ। उक्त कानूनी प्रावधानले शीघ्ररूपमा जग्गा बाँडफाँड गर्ने उद्देश्य राखेको हुँदा सो व्यवस्थालाई अनुचित भन्न मिल्दैन। उक्त कानूनी प्रावधान मोहीको हितप्रतिकूल नभई मोहीको हितअनुकूल रहेको छ । जग्गा बाँडफाँड गर्न निवेदन दिने र बाँडफाँड गर्ने समयावधि तोक्ने कार्य भूमिमाथिको द्वैध स्वामित्व अन्त्य गर्ने व्यवस्थापनसम्बन्धी विषय हो। मोहियानी हक लागेको जग्गा मोही र जग्गा धनीका बीच बाँडफाँडको कार्य नसकिएसम्म जग्गामा रहेको मोहीको मोहीयानी हक समाप्त नहुने।

मोहीयानी हकको समाप्ति हुने वा मोहीको हैसियतले जग्गा जोत्न नपाउने भन्ने कुनै किसिमको बन्देज लगाएकोसमेत नदेखिँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ१ र २६घ३ को कानूनी व्यवस्थाले नेपालको अन्तरिम संविधान २०६३ द्वारा प्रदत्त हकको प्रचलनमा बन्देज लगाएको भन्न मिल्ने अवस्था नहुने।

भूमिमा रहेको द्वैध स्वामित्व समाप्त गरी मोहीलाई आधा जग्गाको हक दिलाउने प्रयोजनका लागि भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ१ र २६घ३ मा गरिएको समयबद्ध व्यवस्थाले कुन सार्वजनिक हितको प्रतिकूल कार्य भएको छ र निवेदकहरूको हकमा के कस्तो असर परेको छ भन्ने कुरा निवेदकहरूले रिट निवेदनमा स्पष्ट गर्न सकेको नदेखिएको, ऐनको दफा २६घ१ र २६घ३ शीघ्ररूपमा जग्गा बाँडफाँड गरी मोहीलाई जग्गा धनीको रूपमा रूपान्तरण गर्ने असल नियतले मोहीको हितअनुकूल ल्याइएको कानूनी प्रावधान हुँदा सो व्यवस्थालाई अनुचित भन्न नमिल्ने।

इजलास अधिकृत: शिवप्रसाद खनाल
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७१ साल कात्तिक २० गते रोज ५ शुभम्।

## पूर्ण इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WF-०००१, बन्दीप्रत्यक्षीकरण, *आरती पौडेल वि. जिल्ला सरकारी वकिलको कार्यालय, सुर्खेतसमेत*

कैदको सजाय ठहर भएको व्यक्तिले नाम ढाँटी अर्कै नाम, थर र वतन देखाई नागरिकताको प्रमाणपत्र लिएकै आधारमा सजायबाट उन्मुक्ति नपाउने तथा निर्दोष व्यक्तिले सजाय भोग्नु नपर्ने अवस्थाको सुनिश्चितताको लागि व्यक्तिको एकिन गर्न फैसला कार्यान्वयनका सन्दर्भमा सनाखतलगायतका आवश्यक कागज तयार पार्ने कार्य अन्यथा नभई अत्यावश्यक

हुन्छ । अदालतको फैसलाबमोजिम बाँकी रहेका कैद दण्ड जरिवाना असुलउपरको लागि प्रहरी कार्यालयमा लगत उपलब्ध गराउने र त्यस्तो लगतवाला व्यक्तिलाई पहिचान गरी अदालतको फैसला कार्यान्वयनमा सहयोग गर्ने दायित्व प्रहरी कार्यालयको हुने हुँदा प्रहरी कार्यालयले आफ्नो दायित्व पालनाका सन्दर्भमा त्यस्ता लगतवाला व्यक्तिलाई पक्राउ गर्दा पहिचानका सम्बन्धमा कुनै द्विविधा भएमा व्यक्ति एकिन गर्न सो व्यक्तिलाई चिनेजानेका पीडितलगायतका मानिसबाट सनाखत गराउन सक्ने हुन्छ । फैसला कार्यान्वयनको क्रममा वास्तविक लगतवाला व्यक्तिको पहिचानको लागि प्रहरी कार्यालयले पीडित तथा कसुरदारका सहपाठीहरूबाट सनाखत गराएको कार्यलाई फैसला भइसकेको मुद्दामा प्रहरीले कानूनप्रतिकूल थप अनुसन्धान गरेको भनी अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल मङ्सिर २५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६५-NF-००१३, अंश चलन, *इस्लाम मियाँसमेत वि. महमद कलिम मियाँसमेत*

जीयजीय भन्नाले अंशबन्डा नभएको भए सबै अंसियारबीच अंशबन्डाको २ नं. अनुरूप बराबर अंश लाग्ने हुन्छ । एकै सगोल परिवारमध्येमा पनि केही अंसियारले मिलापत्र गरी वा अन्य कुनै व्यहोराबाट अंश लिएको वा पाएको भए वा छोडपत्र गरेको भएमा कानूनले त्यस्तो व्यक्ति अंसियारले उसको भाग अंश उसैसँग गएको भनी मान्नुपर्ने हुन्छ । उसको भाग पनि सगोलको सम्पत्तिबाट पुनः छुट्टै भाग छुट्ट्याई बाँकी सगोलको अंसियारमध्येकै कुनै एकलाई हुने गरिदिन वा लिन नमिल्ने ।

सगोलमा रहेको वा अंशबन्डा नभएको भए सगोलका अंसियारमध्ये कसैका नाउँमा रहेको भए पनि कानूनतः बराबर बन्डा लाग्दछ । अंसियारबाट छुट्टिनेलाई पुनः अंसियाराहरू बीचमा उसको गन्ती हुन सक्दैन । अलग भएका अंसियारको भाग पुनः सगोलको सम्पत्तिबाट छुट्टाउने हो र कुनै एक अंसियारलाई दिने हो भने दोहोरो अंश भाग लाग्न जाने ।

वादी महमद सलिम र प्रतिवादी बंशी मियाँ मात्र अंसियार कायम गरी २ भागको १ भाग वादी महमद सलिम मियाँले अंश पाउने ठहर गरेको यस अदालतको मिति २०६१।०१।१६ को फैसला केही उल्टी भई वादीमध्येकी तेतरीन मियायीनको मृत्यु भइसकेको, वादीहरू अब्दुल मियाँ र कलिम मियाँले वादी दावी छाडी मिलापत्र गरेका हुँदा बाँकी अंसियाराहरू प्रतिवादी बंशी मियाँको हकमा मुद्दा सकार गर्ने निजकी श्रीमती खैतुन नेसा, प्रतिवादी मध्येको ईस्लाम खाँ तथा वादी महमद सलिम मियाँ समेत ३ जना मात्र रहेको हुँदा वादी महमद सलिम मियाले तायदातीमा उल्लिखित सम्पत्तिमध्ये लिखत बदर मुद्दाबाट निजको हक प्राप्त भइसकेको बाहेक कि.नं. १८२, १८१ र १३३ को कित्ता जग्गा प्रतिवादीहरूको नाममा रहेको सम्पत्तिबाट ३ भागको १ भाग अंश पाउने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: विकेश गुरागाई/सबिना अधिकारी

इति संवत् २०७१ साल माघ १५ गते रोज ५ शुभम् ।

- ०६५-NF-०१६, ०१७, लिखत दर्ता बदर दर्ता कायम, *मु.स. गर्ने खैतुन नेसा वि. तेतरी मियाइनीसमेत, अम्बरलाल माझी वि. तेतरी मियाँइनीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## संयुक्त इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CR-०५३१, अदालतको अवहेलना, *हरिप्रसाद मण्डल वि. शत्रुघन यादवसमेत*

निवेदक हरिप्रसाद मण्डल र विपक्षी जिल्ला शिक्षा कार्यालय, राजविराजसमेत भएको निषेधाज्ञा मुद्दामा मिति २०६६।११।२७ मा निवेदकलाई काज खटाइएको दरबन्दीमा परमादेशको रिटको टुङ्गो नलाग्दासम्म पदपुर्ति नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी भएकामा संवत् २०६६ सालको रिट नं. ८९ को परमादेशको रिट निवेदन मिति २०६७।२।२३ मा खारेज हुने ठहरेको आधारमा अन्तरिम आदेश

जारी भएको निषेधाज्ञाको रिट निवेदनसमेत पुनरावेदन अदालत, राजविराजबाट खारेज भएको देखिन्छ। अर्को शिक्षक राजेन्द्रप्रसाद यादवलाई काजमा खटाएको भन्ने निवेदन जिकिरका सन्दर्भमा निवेदकको दरबन्दी मै राजेन्द्रप्रसाद यादवलाई खटाएको हो भन्ने तथ्य स्थापित हुन आधारभूत प्रमाण निवेदकले पेस गर्न सकेको मिसिलबाट नदेखिँदा विपक्षीहरूले अन्तरिम आदेशको बर्खिलाप हुने कार्य गरेको तथ्य पुष्टि हुन सकेको नदेखिने।

विपक्षीहरूले हामीले अदालतको आदेशको अवहेलना हुने कुनै कार्य गरेका छैनौं साथै विपक्षीले हामी उपर दायर गरेको परमादेश र निषेधाज्ञाको मुद्दामा रिट निवेदन खारेज हुने ठहरी फैसला भइसकेको हुँदा प्रस्तुत अवहेलना मुद्दामा निवेदन माग दावीबमोजिम सजाय हुनुपर्ने होइन भनी लिखित जवाफमा उल्लेख गरेको देखिन्छ भने निवेदकले यिनै विपक्षीहरूउपर दायर गरेको परमादेश र निषेधाज्ञाको रिट निवेदन खारेज भएको हुँदा विपक्षीहरूले अदालतको अवहेलना गरेको नदेखिँदा निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसला कानूनसम्मत् देखिने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७० साल पुस ९ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI०१३४, निषेधाज्ञा, *हरिप्रसाद मण्डल वि. जिल्ला शिक्षा कार्यालय, सप्तरी राजविराजसमेत*
- ०६८-CR-०१३५, परमादेश, *हरिप्रसाद मण्डल वि. जिल्ला शिक्षा कार्यालय, सप्तरी राजविराजसमेत*

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CI-१३४०, निषेधाज्ञा, *विष्णुबहादुर कार्की वि. जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेत*

विवादित कि.नं. २५५ को जग्गाको मोही हकका सम्बन्धमा भूमिसुधार कार्यालय, ललितपुरमा विचाराधीन उक्त निर्णय बदर मुद्दाबाट ठहरेबमोजिम हुने नै हुन्छ। मोही हकसम्बन्धी विवाद हेर्ने साधिकार निकायमा विचाराधीन निर्णय बदर मुद्दामा सम्बन्धित निकायले कानूनबमोजिम निर्णय गर्ने विषयमा यस अदालतबाट त्यस्तो विचाराधीन मुद्दालाई असर पर्नेगरी निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने।

मोही हकसम्बन्धमा भूमिसुधार कार्यालयको निर्णयबाट ठहरेबमोजिम हुने र सोसम्बन्धमा निवेदकलाई पक्राउ गर्नुपर्ने आशङ्काको कुनै मनासिब आधार नदेखिएको हुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।६।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल माघ ११ गते रोज १ शुभम्।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CI-१३९८, निषेधाज्ञा, *युनाइटेड ट्रेडर्स सिन्डिकेट प्रा.लि. को तर्फबाट अख्तियार प्राप्त ऐ. का कम्पनीका महाप्रबन्धक बेदबहादुर श्रेष्ठ वि. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालय, दूरसञ्चार भवन, भद्रकाली प्लाजा काठमाडौंसमेत*

नेपाल दूरसञ्चार कम्पनीको टेन्डर प्रक्रियामा सहभागी भएका यी निवेदक र दूरसञ्चार कम्पनीबीचको विवाद मध्यस्थद्वारा समाधान गर्ने प्रक्रिया अगाडि बढेको भन्ने कुरा निवेदकले दूरसञ्चार कम्पनीलाई लेखेको मिसिल संलग्न पत्रद्वारा देखिएको र निवेदकले बैङ्क जमानत भुक्तानी रोक्काको लागि जुन बैङ्कलाई विपक्षी बनाई निषेधाज्ञाको आदेश जारी हुन माग गरेको हो उक्त लुम्बिनी बैङ्क लिमिटेडका हकमा अ.बं. ९२ नं. बमोजिम मुद्दा फिर्ता लिइसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्नु औचित्यपूर्ण नहुने।

नेपाल दूरसञ्चार कम्पनीबाट लुम्बिनी बैङ्क लिमिटेडलाई बैङ्क जमानतको रकम रोक्का गर्न पत्राचार भई भुक्तानी दिनेलगायतका प्रक्रिया प्रारम्भ भएको भनी बैङ्कले दूरसञ्चार कम्पनी लिमिटेडलाई पत्राचारसमेत गरेको र यी पुनरावेदक निवेदकले विपक्षी दूरसञ्चार कम्पनीलाई लेखेको पत्रमा विवाद समाधानको लागि मध्यस्थ नियुक्ति प्रक्रिया प्रारम्भ

भएको भन्ने देखिँदा मागबमोजिम निषेधाज्ञाको आदेश जारी नगरी निवेदन खारेज गरेको पुनरावेदन अदालत, पाटनको फैसलामा कुनै त्रुटि नदेखिँदा सदर हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल माघ ११ गते रोज १ शुभम् ।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०५२९, गोली हानी गैंडा घाइते पारेको, *नेपाल सरकार वि. रामबहादुर बलसमेत*

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले गैंडा मारेको भन्ने अभियोग दावी नभई गैंडालाई घाइते बनाएको भन्ने दावी रहेकामा यी प्रत्यर्थीहरूले मुद्दा हेर्ने अधिकारीसमक्षको बयानमा समेत आफूहरूले गैंडालाई घाइते पारेको नभई सहअभियुक्तले रूपैयाँको लोभ देखाएकाले सहयोगीको रूपमा साथमा गएको तथ्यलाई स्वीकार गरेको र मुख्य अभियुक्त पक्राउ नपरी फरार रहेको अवस्थामा यी प्रत्यर्थीहरूलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम उपल्लो हदको सजाय गर्न मनासिब हुँदैन । दफा २६(१) बमोजिम प्रतिवादीहरूलाई अधिकतम हदकै सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर कानून र न्यायको दृष्टिकोणबाट मनासिब देखिन नआउने ।

यी प्रतिवादीहरू गैंडालाई गोली हानी घाइते पार्ने कार्यमा सहयोगीको भूमिका खेलेको भन्ने कुरा अभियोजन पक्षबाट सङ्कलित सबुद प्रमाणबाट देखिएकाले निजहरूको अपराधको गाम्भीर्यतालाई दृष्टिगत गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम अधिकतम सजाय गरेको सुरू फैसला सो हदसम्म केही उल्टी गरी प्रतिवादीहरू रामबहादुर बल, आइतराम बोटे र जोगिया भन्ने सुखे बोटेलाई जनही सात वर्ष कैद र रू. पचास हजार जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।३।२९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । दफा २६(१) बमोजिम अधिकतम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल मङ्सिर १६ गते रोज ३ शुभम् ।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०४१८, भ्रष्टाचार, *नेपाल सरकार (सैनिक अनुसन्धान समिति) वि. सुधिर श्रेष्ठ*

United Kingdom Civil Aviation Authority बाट प्रतिवादीको नाममा जारी भएको Airline Transport Pilot’s License को सम्बन्धमा सैनिक अनुसन्धान समितिबाट नेपाल नागरिक प्राधिकरणलाई पत्राचार हुँदा सो प्राधिकरणको मिति २०६७।१०।२५ को पत्रबाट यी प्रतिवादीले २० जुलाई १९९९ देखि २१ सेप्टेम्बर १९९९ सम्म Flight Instructor Training गरेको र उक्त तालिमपश्चात् Civil Aviation Licensing Requirement अनुसार उडानसम्बन्धी Type, Technical, Performance जस्ता लिखित, प्रयोगात्मक र अन्य थप परीक्षाहरूमा सफल भएपछि मात्र तालिमको विषयसम्बन्धी Rating License मा Endorse हुने आधारमा निजको लाइसेन्समा Flight Instructor Rating समावेश भएकाले सो लाइसेन्स नै प्रमाणपत्र हुने भनी लेखी आएकाले प्रतिवादीले आफूलाई तोकिएको तालिम पूरा नगरी नेपाल फर्किएको भन्ने अभियोग दावीबमोजिमको कसुर गरेको मान्न मिलेन । यी प्रतिवादीलाई जुन अवधिका लागि तालिममा पठाइएको हो सो अवधिको तालिम लिई तालिम प्रदान गर्ने संस्थाबाट प्रमाणपत्रसमेत प्राप्त गरेको देखिएकाले प्रतिवादीले भ्रष्टाचार गरेको भन्ने वादीको दावी मनासिब नदेखिँदा प्रतिवादी सुधिर श्रेष्ठले आफूलाई तोकिएबमोजिमको तालिम लिई तालिमको प्रमाणपत्रसमेत प्राप्त गरी तोकिएबमोजिमको अवधिको तालिम भत्तासम्म बुझेको भन्ने देखिएकाले निजले भ्रष्टाचारजन्य कसुर गरेको भन्ने कुरा पुष्टि भएको नदेखिँदा निजलाई आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याएको सैनिक विशेष अदालतको मिति २०६८।२।१ को फैसला मिलेको

देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल मङ्सिर १६ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०६६-WO-०६१९, उत्प्रेषण/परमादेश, *मु.स. गर्ने अनिता कंसाकारसमेत वि. जगतशोभा कंसाकारसमेत*

अंश मुद्दामा मानो छुट्टिएको मितिका सम्बन्धमा काठमाडौं जिल्ला अदालतले प्रतिउत्तर समेतको आधारमा मुद्दाका पक्ष विपक्षको सुनुवाई गरी कुनै आदेश नै नगरेको अवस्थामा यो यस मितिमा मानो छुट्टिएको मिति कायम गरिदिने गरी पुनरावेदन अदालत पाटनबाट हस्तक्षेप गरेको कार्यलाई कानूनसंगत मान्न नमिल्ने ।

आफूसमक्ष परेको अंश मुद्दाको फिरादमा उल्लेख भएको मितिमा वा प्रतिउत्तर परेपछि सोमा उल्लेख भएको मिति वा अन्य कुनै मितिमा मानो छुट्टिएको मिति कायम गर्नुपर्ने हो सो कुरा जिल्ला अदालतले तथ्य, प्रमाण, कानून र न्यायका सिद्धान्त एवं न्यायिक प्रचलनसमेतको आधारमा सो मिति कायम गर्ने हो । जिल्ला अदालतबाट सोबमोजिमको कुनै मिति नै कायम नभएको वा नगरेको अवस्थामा फिरादमा उल्लेख भएको कुनै शब्दावली वा व्यहोरालाई सच्याउने विषयको निवेदनबाट सच्याउन मिल्ने वा नमिल्ने भन्नेसम्मको आदेश गर्नुपर्नेमा मानो छुट्टिएको मिति नै कायम गर्नेगरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६६।८।१९ को आदेशबाट जिल्ला अदालतले सो सम्बन्धमा गर्ने निर्णय प्रभावित हुनसक्ने भइ उक्त आदेश कानूनविपरीत देखिँदा पुनरावेदन अदालत, पाटनको मिति २०६६।८।१९ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

आफूसमक्ष परेको फिरादपत्र, प्रतिउत्तरपत्र, संलग्न प्रमाण एवम् प्रचलित कानूनको आधारमा वा न्यायका मान्य सिद्धान्तको आधारमा मानो छुट्टिएको मितिका सम्बन्धमा फिरादमा उल्लेखित मिति जिल्ला अदालत नियमावली, २०५२ को नियम १७ बमोजिम सच्याउन मिल्ने नमिल्ने सम्बन्धमा पुनः आदेश गरी अंश मुद्दाको कामकारवाही अघि बढाउनु भनी काठमाडौं जिल्ला अदालतको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: ममता खनाल

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल जेठ २६ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६७-WO-०८०५, उत्प्रेषण/परमादेश, *मु.स. गर्ने अनिता कंसाकारसमेत वि. जगतशोभा कंसाकारसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

७

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०१२१, कर्तव्य ज्यान, *भोला वि.क. वि. नेपाल सरकार*

मृतकको मृत शरीरको विभिन्न भागमा लागेको छुराको चोटको कारण भएकामा विवाद भएन । कसको प्रहारबाट मृतकको मृत्यु भएको भन्ने सम्बन्धमा हेर्दा यी प्रतिवादीको मौकाको बयानमा आफूलाई गालीगलौज गरेकीले कोठामै रहेको छुरा चक्कु उठाई श्रीमतीको टाउकामा समाती तल भुइँमा लडाई शरीरका विभिन्न भागमा छुरा चक्कुले प्रहार गर्दा निजको मृत्यु भएकाले घटनास्थलमै छोडी भागी गएको हुँ भनी कसुरलाई स्वीकार गरेको देखिन्छ । अदालतको बयानमा खाना खाएर चिडियाखाना घुम्न जाने भनेको थिएँ, उनले म जान्न तिमी बाबु छोरी मात्रै जाउ भनिन्, त्यसपछि उनको र मेरो भनाभन भयो, मैले हिँड भन्दा जान्न भनिन् र मैले कस्तो भालुको व्यवहार गरेको भन्दा मलाई कठालो समातेर लछारपछार गरिन्, त्यसपछि टेबुलमा रहेको तरकारी काट्ने छुरा बोकेर आइन्, मैले सो छुरा समाई दुईजनाको लछारपछार हुँदा उनले लिएको छुरा उनकै दायाँ अङ्गमा लाग्यो र छुरा गाडियो । त्यसपछि मैले छुरा निकाल्दा रगत ह्वार्र आयो, मेरो अनुहारमा रगताम्य भयो । त्यसपछि मेरो होसहवास उड्यो, मैले के गरें आफैं भन्न सक्दिनँ भनी बयान गरेको देखिन्छ । प्रतिवादीको सो भनाइलाई नै मान्ने हो भने पनि मृतक आफैँले ल्याएको छुरा शरीरका एक ठाउँमा एकपटक मात्र कोपिइ एउटा मात्र चोट हुनुपर्ने हुन्छ । तर मृतकको शरीरको विभिन्न ठाउँमा

चोट (Multiple Stab Injury) रहेको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिएको अवस्था हुँदा प्रतिवादीको सो भनाइ पत्यारलायक नदेखिने।

मृतकको सामान्य कार्य वा भनाभनको प्रतिक्रियास्वरूप प्रतिवादी आफैँ अत्यधिक उत्तेजनामा आएमा उसलाई त्यस्तो प्रतिरक्षा प्राप्त हुन सक्दैन । त्यसमा पनि शरीरको विभिन्न ठाउँमा पटकपटक धारिलो हतियार छुरा प्रहार गरेको कार्यबाट ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीको अनुसन्धान तथा अदालतमा भएको बयान, मिसिल संलग्न जाहेरी दरखास्त, प्रतिवेदकको बकपत्र तथा पोस्टमार्टम रिपोर्टबाट समेत शरीरको विभिन्न ठाउँमा चोट (Multiple Stab Injury) रहेको पुष्टि भइरहेको समेतका कारणबाट यी प्रतिवादीले मृतकलाई छुरी जस्तो जोखिमी हतियारको प्रयोग गरी हत्या गरेको भन्ने निजउपरको अभियोग दावी पुष्टि भइरहेकाले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।६।५ को फैसला मनासिब हुँदा सदर हुने।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल माघ ५ गते रोज २ शुभम्।

८

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-१४२४, ०६९-CR-०००४, अपहरण, *नेपाल सरकार वि. मुरारी भुजेल, मुरारी भुजेल वि. नेपाल सरकार*

सजायमा तल्लो र माथिल्लो हद राख्नु भनेको अपराध गर्दाको अवस्था, परिस्थिति र प्रतिवादीको कसुरमा संलग्नता आदिसमेतको आधारमा न्यायकर्ताले आफूमा निहीत स्वविवेकीय अधिकारको प्रयोगद्वारा प्रतिवादीलाई सजायको निर्धारण गर्नकै लागि भएको हुन्छ । कानूनमा व्यवस्था भएअनुसार प्रतिवादीलाई सजाय तोकिएको देखिँदा त्यसलाई अन्यथा मान्न मिल्ने नहुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी मुरारी भुजेल आफू भाग्दै गर्दा घटनास्थलमा नै पक्राउ परेको र कसुरजन्य कुरामा अदालतमा समेत साबित भई बयान गरेकोबाट पनि प्रतिवादीउपरको अभियोग दावी पुष्टि भइरहेको देखिन्छ। प्रस्तुत वारदातमा माथि उल्लिखित मिसिल संलग्न प्रमाणको आधारमा यी प्रतिवादी संलग्न छैनन् निर्दोष रहेछन् भनी मान्न मिल्ने अवस्था नहुँदा निजको उक्त पुनरावेदन जिकिरसँग सहमत हुनसक्ने अवस्था नदेखिने।

प्रतिवादी मुरारी भुजेलउपर मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. को अभियोग दावी लिई दुई जना व्यक्ति अपराधमा संलग्न रहेको भनी मान्न मिल्ने नदेखिँदा वादी नेपाल सरकारको सो हदसम्मको अभियोग दावीबमोजिम थप २ वर्ष सजाय गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसला तथ्य र प्रमाणमा आधारित रहेको मान्न मिल्ने देखिन नआउने।

अपराध गर्ने कार्यमा दुई जना संलग्न रहेको भन्ने तथ्य नै पुष्टि हुन नसकेको स्थितिमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. बमोजिम उक्त महलबमोजिम हुने सजायमा थप २ वर्ष कैदको दावी लिएको हकमा त्रूटिपूर्ण भई मिलेको नदेखिँदा यी पुनरावेदक प्रतिवादीलाई ऐ. ७ नं. बमोजिम थप २ वर्ष कैद हुने ठहर गरेको हदसम्म पुनरावेदन अदालत, पाटनको सो फैसला मिलेको नदेखिने।

प्रतिवादी मुरारी भुजेललाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. को कसुरमा ऐ. को ३ नं. ले चार वर्ष कैद र पच्चीस हजार रूपैयाँ जरिवाना र ऐ. को १२ नं. ले बिगोबमोजिम थप जरिवानासमेत हुने भएकाले प्रतिवादीले जाहेरवालाको लिएको सामानसमेतको कायम भएको जम्मा बिगो रू.१३,७००।- देखिएकाले सो बिगोबमोजिम जरिवानासमेत गर्दा कूल जम्मा रू. ३८,७००।– रूपैयाँ जरिवाना भई पुनरावेदक प्रतिवादीबाट ऐ १२ नं. बमोजिम रू ५,०००। क्षतिपूर्तिसमेत जाहेरवालाले भरिपाउने।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल माघ ५ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CR-०२८०, ०४४३, सवारी ज्यान, *नेपाल सरकार वि. सुन्दर श्रेष्ठसमेत, सुन्दर श्रेष्ठ वि. नेपाल सरकार*

मुलुकी ऐन, दण्ड सजायको महलको ११क. नं. को देहाय २ नं. मा प्रयुक्त "तीन वर्षभन्दा कम कैदको सजाय हुने मुद्दामा" भन्ने वाक्यांशले तीन वर्षभन्दा कम कैद सजाय हुने सजायका सम्बन्धमा मात्र उक्त नं. बमोजिमको सुविधा अदालतले प्रदान गर्नसक्ने हुन्छ । तर तीन वर्षभन्दा बढी कैद हुनसक्ने कसुर गर्ने कसुरदारले दण्ड सजायको महलको ११क. नं. बमोजिम कैदबापत जरिवाना बुझाउन पाउने सुविधा प्राप्त गर्नसक्ने नदेखिने ।

प्रतिवादी सुन्दर श्रेष्ठले सवारी चालक अनुमतिपत्र नै नलिई मोटरसाइकल चलाएको हुँदा त्यसरी चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी साधन चलाएमा दुर्घटना हुनसक्ने र मानिस मर्नसक्ने भन्ने जान्दाजान्दै लापरवाहीपूर्वक सवारी साधन चलाएको र आफूले चलाएको मोटरसाइकलको ठक्करबाट मृतकको मृत्यु भएको देखिँदा निजलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को १६१(२) बमोजिम सजाय गर्नुपर्नेमा दफा १६१(३) बमोजिम सजाय गरेको हदसम्मको पुनरावेदन अदालत, बागलुङको मिति २०६६।३।८ को फैसला केही उल्टी भई प्रतिवादी सुन्दर श्रेष्ठलाई दफा १६१(२) बमोजिम २ (दुई) वर्ष कैद हुने ।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल पुस १३ गते रोज १ शुभम् ।

११

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०३०४, उत्प्रेषण/परमादेश, *भरतबहादुर कार्कीसमेत वि. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयसमेत*

सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ बमोजिम सडक सीमा तोक्नसक्ने अधिकार नेपाल सरकारलाई भएको र त्यसरी तोकिएको सडक सीमाभित्र कुनै पनि स्थायी बनोट वा भवन निर्माण कार्य गर्न नहुने भनी दफा ३क मा स्पष्ट कानूनी व्यवस्था रहेको छ । सडक सीमाभित्र जुनसुकै प्रकारले जो कसैले निर्माण गरेको वा भोग गरेको कारणबाट त्यस्तो जग्गामा कसैको कानूनी हक सिर्जना हुनसक्ने हुँदैन । उक्त कानूनी व्यवस्थाबमोजिम बनेपा-सिन्धुली-बर्दिवास सीमा सडकको केन्द्र बिन्दुबाट दायाँबायाँ २५/२५ मिटर कायम हुनेगरी सडकसीमा तोकिसकेपश्चात् बनाएको अस्थायी वा स्थायी कुनै पनि संरचनालाई कानूनअनुकूल भन्न नमिल्ने ।

सडक विभागबाट सम्बन्धित निकायहरूमा पत्राचारसमेत भइसकेको अवस्थामा सो मापदण्डको प्रतिकूल हुनेगरी घर पर्खाल निर्माण गर्न पाइँदैन । सम्बन्धित निकायबाट नक्सा पास नै भएको भएपनि सडक सीमा मिची बनाइएको स्थायी अस्थायी टहरा बनाउने त्यस्तो गैरकानूनी कार्यले कानूनी हक स्वतः स्थापित भएको मान्न नमिल्ने हुन्छ । सरकारले त्यस्तो गैरकानूनी संरचना कुनै पनि समयमा हटाउनसक्ने नै हुँदा कानूनबमोजिम मुआब्जा पाउनु पर्ने भन्ने हुँदैन । जहाँसम्म पहिले नै जग्गा अधिग्रहण गर्दा उचित क्षतिपूर्ति नपाएको भन्ने निवेदन दावी छ त्यससम्बन्धमा जग्गा प्राप्ति ऐन, २०३४ तथा अचल सम्पत्ती अधिकरण ऐन, २०१३ बमोजिमको कानूनी उपचार अवलम्बन गर्न निवेदकले सक्ने नै देखिने ।

सडक सीमा मिची निर्माण गरेको घर टहरा भत्काई जग्गा खाली गराउने गरी आयोजनाबाट प्रकाशित सार्वजनिक सूचनाबाट यी निवेदकको सम्पत्तिसम्बन्धी हकमा असर परेको रहेछ भनी मान्न मिल्ने देखिएन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ बमोजिम प्रत्याभूति गरिएको सम्पत्तिसम्बन्धी हक निर्वाध हक नभई प्रचलित कानूनको अधीनमा रही प्रत्याभूति गरिएको हक भएको र सार्वजनिक सडक ऐन, २०३१ बमोजिम तोकिएको सडक सीमाभित्र परेका क्षेत्रभित्र सो सडक सीमा तोकिएपछि चोक सुधारको लागि अतिक्रमण गरी बनेको निर्माण कार्य हटाउनु भनी प्रकाशन गरेको त्यस्तो सूचनाबाट यी निवेदकहरूको हकमा आघात परेको मान्न मिल्ने नहुँदा मागबमोजिमको आदेश जारी गर्नुपर्ने

देखिन आएन। रिट निवेदन खारेज हुने।
इजलास अधिकृत : ईश्वर पराजुली
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम्।

१२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-१०६७, अंश चलन, *नानीमाया कपाली वि. प्रमिला कपाली*

यी पुनरावेदक वादी तथा स्व. भगत कपाली प्रतिवादी भएको अंश मुद्दामा भएको मिति २०६१।९।२३ को मिलापत्रबाटै जिल्ला भक्तपुर, ठिमी नगरपालिका वडा नं. १२ साविक बालकुमारी गा.वि.स. सिपाडोलमा रहेको स्ववासी घर र सो घरसँगै पूर्वतर्फ जोडिएको घर पाताल जग्गा र टहरा यी वादी तथा प्रतिवादीहरूकै भोगमा रहेको भन्ने मिसिल संलग्न प्रमाण कागजातहरूबाट पुष्टि भएको देखिँदा सो घरजग्गाबाट वादीले २ भागको १ भाग अंश पाउने नै देखिने।

तायदाती फाँटवारीमा उल्लिखित भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका वडा नं. १२ साविक बालकुमारी गा.वि.स. सिपाडोलमा रहेको स्वावासी घर र सो घरसँगै पूर्वतर्फ जोडिएको घर पाताल जग्गा र टहराबाट वादी दावीबमोजिम २ भागको १ भाग अंश वादीले पाउने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।३।२३ को फैसला मनासिब हुँदा सदर हुने।
इजलास अधिकृत: ईश्वर पराजुली
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७१ साल मङ्सिर २६ गते रोज ६ शुभम्।

## इजलास नं.१

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-WH-००५०, बन्दीप्रत्यक्षीकरण, *अधिवक्ता राकेशकुमार साह वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत*

निवेदकको माग दावीमा अपहरण उद्योगतर्फ अनुसन्धान सकिइसकेकामा पुनः सङ्गठित अपराधअन्तर्गतको कसुरमा अनुसन्धान गर्न भनेर थुनामै राखिराख्न नमिल्ने भन्ने रहे पनि अपहरण उद्योगतर्फको अनुसन्धान गर्दैजाने क्रममा निज जयराम बानियाँको संलग्नता सङ्गठित अपराध निवारण अध्यादेश, २०६९ अन्तर्गतको देखिएको भनी अनुसन्धानमा संलग्न प्रहरीतर्फबाट प्रतिवेदन परेको आधारमा सोअनुसारको अनुसन्धान गर्न नै नमिल्ने भन्ने नहुने।

अपहरणसम्बन्धी मुद्दा सङ्गठित आपराधिक गिरोहद्वारा घटाइने प्रकृतिको मुद्दा भएको र अपहरण उद्योगअन्तर्गत अनुसन्धान गर्दै जाने क्रममा निज जयराम बानियाँसमेतले सङ्गठित अपराध निवारण अध्यादेश, २०६९ अन्तर्गतको कसुर गरेको भनी परेको प्रहरीको प्रतिवेदनको आधारमा अपहरण उद्योगतर्फ पहिलो र दोस्रो पटक गरिएको म्यादथपसमेत मिलान हुनेगरी तेस्रो पटकदेखि उक्त अध्यादेशअन्तर्गत अदालतबाट म्याद थपको अनुमति लिएर मुद्दाको अनुसन्धान भइरहेको र उक्त अध्यादेशको दफा १५ बमोजिम सङ्गठित अपराधको आरोप लागेको व्यक्तिलाई अनुसन्धानको प्रगतिको आधारमा अदालतको अनुमति लिई साठी दिनसम्म हिरासतमा राख्न पाउने नै देखिएको र सो अवधि भुक्तान हुन बाँकी नै रहेको देखिइरहेको अवस्थामा निवेदकको जिकिरबमोजिम निवेदकलाई हिरासतमा राखेर अनुसन्धान गर्न पाउने अवधि समाप्त भइसकेको भन्न नमिल्ने।

निवेदकको सम्बन्धमा अपहरण उद्योगतर्फ उजुरी परी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम अनुसन्धान सुरू गरिएको भए पनि निवेदकसमेत ६(छ) जना व्यक्तिहरू सम्मिलित भई सङ्गठित अपराध निवारण अध्यादेश, २०६९ विपरीतको कार्य गर्न लागेको भनी प्रहरीको प्रतिवेदन पर्न आएको कारणबाट निजउपर सङ्गठित अपराधतर्फको थप अनुसन्धान गर्न पर्ने भई निज जयराम बानियालाई उक्त अध्यादेशबमोजिम अनुसन्धान गर्नका लागि अदालतबाट म्याद थप लिएर नै अनुसन्धान गरिरहिएको अवस्था देखिएकाले विपक्षीहरूबाट कानूनबमोजिम नै निवेदकलाई न्यायिक हिरासतमा राखेर मुद्दाको अनुसन्धान गर्दै रहेकोलाई गैरकानूनी भन्न नमिल्ने।

एउटै वारदातको विषयलाई लिएर एउटा

ऐनअन्तर्गत अनुसन्धान सुरू भई अनुसन्धान जारी नै रहेको अवस्थामा सोही वारदातका सम्बन्धमा अर्को ऐनबमोजिम अनुसन्धान गर्नुपर्ने भई अदालतबाट अनुमति लिई अनुसन्धान भइरहेको र सोअनुसारको अनुसन्धानको प्रगतिको आधारमा अदालतले आरोपित व्यक्तिलाईः थप अनुसन्धानको लागि थुनामा राख्न अदालतले अनुमतिसमेत दिइसकेको देखिँदा निवेदकको थुनालाई गैरकानूनी भन्न नमिल्ने।

कुनै एक किसिमको आपराधिक क्रियाकलापमा संलग्न रहेको भन्ने आधारमा जाहेरी परी अनुसन्धान गर्दै जादा आरोपित व्यक्तिको संलग्नता सङ्गठित आपराधिक क्रियाकलापअन्तर्गतको देखिन आएको भन्ने आधारमा सङ्गठित अपराधअन्तर्गतको अनुसन्धान गर्न नपाइने भन्न नमिल्ने।

अपहरणसम्बन्धी कसुर सङ्गठित आपराधिक गिरोहद्वारा पनि घटाइने किसिमको कसुर देखिएको एवम् निवेदकको हकमा अपहरण उद्योगतर्फको जाहेरीमा अनुसन्धान गर्दै रहिएको भए पनि निजले घटाएको कसुर सङ्गठित अपराधअन्तर्गतको रहेको भनी प्रहरीको प्रतिवेदन परेपछि सोअनुसारको अनुसन्धानको कार्य पूरा गर्न भइरहेको अनुसन्धानको कार्यलाई निरन्तरता दिन नमिल्ने भन्नसमेत नमिल्ने।

माथि गरिएको विवेचनाको आधारमा निवेदन दावीबमोजिम थुनामा रहेका भनिएका जयराम बानियाँलाई अपहरण उद्योगअन्तर्गत मुद्दाको अनुसन्धान गर्दै जाँदा निजको संलग्नता सङ्गठित अपराध निवारण अध्यादेश, २०६९ अन्तर्गतको कसुरको देखिएको भनी सो अध्यादेशअन्तर्गतको कसुरको अनुसन्धानको लागि अदालतबाट अनुमति लिएर हिरासतमा राखिएको अवस्था देखिँदा निजको थुनालाई गैरकानूनी भन्न नमिल्ने देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत: बाबुराम सुवेदी
कम्प्युटर: कल्पना बर्तौला
इति संवत् २०७० साल चैत २६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-WO-०३१४, उत्प्रेषण/परमादेश, *रामऔतार राय वि. रामधारी रायसमेत*

लेनदेन मुद्दाको फैसला कार्यान्वयनको सिलसिलामा सुरू सर्लाही जिल्ला अदालतको मिति २०६६।०७।१३ को आदेशलाई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।०२।१४ मा मुलुकी ऐन, अदालती बन्दोबस्त १७ नं. बमोजिम निवेदन सुनी सो सुरू जिल्ला अदालतको आदेश बेरीतको देखिँदा बदर हुनेगरी भएको काम कारवाईमा प्रचलित कानूनबमोजिमको प्रत्यक्ष त्रुटि विद्यमान भएको नदेखिने।

कानूनबमोजिमको अधिकारक्षेत्र ग्रहण गरी विद्यमान कानूनबमोजिमको प्रक्रिया पुर्‍याई भएको पुनरावेदन अदालत, जनकपुरको आदेशबाट निवेदकको कुनै संवैधानिक वा कानूनी हक हनन् भएको स्थिति नहुँदा असाधारण क्षेत्राधिकार आकार्षित गरी निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा विपक्षीहरूको कुनै पनि कार्यले निवेदकको संवैधानिक तथा कानूनी हकमा प्रतिकूल असर परेको स्थिति देखिन नआएबाट रिट निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: टीकाभूषण घिमिरे
कम्प्युटर: सन्तोष अवाल
इति संवत् २०७० साल चैत २१ गते ६ रोज शुभम्।

- यसै प्रकृतिको ०६७-WO-०३१५, उत्प्रेषण/परमादेश, *रामऔतार राय वि. मुस गर्ने रामबाबु राय यादवसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-WO-०४३७, उत्प्रेषण/परमादेश, *रामोअशिष दास वि. श्याम चौधरीसमेत*

फैसला कार्यान्वयनको विषयमा पक्षको निवेदन परी सोउपर तहतह आदेश हुँदै प्रचलित कानूनको आधारमा निर्धारित कार्यविधि अवलम्बन गर्दै साधारण अधिकारक्षेत्र प्रयोग गर्न पाउने सक्षम अदालत र अधिकारीबाट आदेशहरू भएको देखिँदा पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।०६।०४ मा भएको आदेश तथा सोपश्चात् भएका काम कारवाही

कानूनविपरीत भएको भन्ने रिट निवेदन दावी पुष्टि हुन सकेको नभई उक्त आदेश र काम कारवाहीमा कानूनको प्रत्यक्ष त्रूटि रहेको भन्न सकिने अवस्थाको विद्यमानता पनि देखिन आएन । उक्त आदेशबाट रिट निवेदकको कुनै संवैधानिक तथा कानूनी हकाधिकारमा आघात पुगेको वा त्यस्तो अधिकार हनन् भएको अवस्थासमेत देखिन नआएबाट असाधारण क्षेत्राधिकारमार्फत् मागबमोजिम आदेश जारी गर्नुपर्ने औचित्य समेत पुष्टि हुन नसक्ने हुँदा पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।०६।०४ मा भएको आदेशबाट निवेदकको संवैधानिक तथा कानूनी हकाधिकारमा आघात पुगेको विद्यमानता देखिन नआएकाले रिट निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७० साल चैत २१ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-WO-०७४८, उत्प्रेषण/परमादेश, शिवधर *मुखिया वि. जैलम खातुनसमेत*

लेनदेनको फैसला उपरको कारवाईमा सुरू धनुषा जिल्ला अदालतबाट भएको मिति २०६८।०७।०४ को आदेशउपर अदालती बन्दोबस्तको १७ नं. उपर निवेदन सुनी पुनरावेदन अदालत, जनकपुरबाट सो जिल्ला अदालतको आदेश बेरीतको देखिँदा बदर हुने गरी भएको आदेशमा प्रत्यक्ष कानूनी त्रूटि विद्यमान भएको देखिएन । कानूनबमोजिमको क्षेत्राधिकार प्रयोग गर्दै साधिकार निकायबाट प्रचलित कानूनद्वारा निर्धारित कार्यविधि पालना र अवलम्बन गरी भएको पुनरावेदन अदालत, जनकपुरको सो आदेशबाट रिट निवेदकको संवैधानिक तथा कानूनी कुनै हक अधिकारमा आघात पुगेको वा त्यस्तो अधिकार हनन् भएको अवस्था देखिन नआएकाले असाधारण क्षेत्राधिकारमार्फत् निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६८।९।२८ मा भएको आदेशउपर रिट निवेदन परेको देखिँदा उक्त आदेशबाट निवेदकको हक जाने कुनै कार्य भएको नदेखिएको र उक्त आदेश कानूनी त्रूटिपूर्ण भन्न पनि मिल्ने नदेखिएकाले रिट निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७० साल चैत २१ गते ६ रोज शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-WO-१४२८, उत्प्रेषण, *नानीराम हुमागाई वि. गृह मन्त्रालयसमेत*

सशस्त्र प्रहरी प्राविधिक समूहका कर्मचारी रहेका रिट निवेदकलाई नेपाल सरकार (सचिव स्तर) को मिति २०७०।३।९ को निर्णयका आधारमा सशस्त्र प्रहरी बल प्रधान कार्यालय, प्रशासन विभागबाट मिति २०७०।३।२७ मा प्रकाशित सूचनाअनुसार सशस्त्र प्रहरी बल महानगरीय सशस्त्र प्रहरी कार्यालय, सानोगौचरणमा डिलप्रसाद भट्टको स्थानमा इन्फेन्ट्रीतर्फ सरूवा गरिएको अवस्था देखिँदा निजको सरूवा उल्लिखित नियम २१(१) को कानूनी व्यवस्थाअनुसार मिलेको नदेखिने ।

कर्मचारीहरूलाई नियमितरूपमा सरूवा गरी साङ्गठनिक कामकारवाहीलाई सुचारू गराइराख्नको लागि आवश्यकतानुसार कानूनबमोजिम काजमा समेत राख्नुपर्ने अवस्था आउनुलाई अन्यथा रूपमा लिन नमिल्ने भए पनि रिट निवेदकको हकमा त्यो अवस्था आएको भनी सम्झन नमिल्ने ।

प्राविधिक समूहअन्तर्गतका कर्मचारीको सरूवा प्राविधिक समूह मै रिक्त दरबन्दीमा गर्नुपर्छ । रिट निवेदकको हकमा कुरा गर्नुपर्दा दरबन्दी नै नभएको स्थानमा सरूवा गरिएको भनी त्यस्तो सरूवा निर्णयलाई निवेदकले चुनौती दिएको विषयलाई सरूवा गरिएको स्थानमा जान नमानेको भनी विपक्षीबाट अनुशासनसम्बन्धी प्रश्न उठाई सम्बन्धित कानूनविपरीत हुने गरी गरिएको सरूवाको बचाउ गर्नसमेत नमिल्ने ।

स्पष्टरूपमा भइरहेको कानूनी व्यवस्थाको विपरीत हुने गरी सशस्त्र प्रहरी बल प्रधान कार्यालय, मद्दती तथा सेवा निर्देशनालयमा कार्यरत प्राविधिक

समूहतर्फका प्रा.स.प्र.ना.उ. इन्जिनियर नानीराम हुमागाईलाई सशस्त्र प्रहरी बल महानगरीय सशस्त्र प्रहरी कार्यालय, सानोगौचरणमा डिलप्रसाद भट्टको स्थानमा इन्फेन्ट्री (प्रशासन) तर्फको दरबन्दीमा नेपाल सरकार, गृह मन्त्रालय (सचिव स्तर) बाट मिति २०७०।३।९ मा गरेको सरूवासम्बन्धी निर्णय र सो निर्णयअनुसार प्रकाशित सशस्त्र प्रहरी बल प्रधान कार्यालयको मिति २०७०।३।२७ को प्रकाशित सूचनासमेत कानूनविपरीतको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत: बाबुराम सुवेदी
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०७१ साल भदौ २ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-WO-१००१, उत्प्रेषण/परमादेश, *राजेश्वर साह तेली वि. बिन्देश्वरा साह तेलीसमेत*

फैसला कार्यान्वयनको विषयमा परेको निवेदनमा विद्यमान कानूनका आधारमा निर्धारित कार्यविधि अवलम्बन गरी कानूनबमोजिमको अधिकारक्षेत्र प्रयोग गरी सक्षम अदालत र अधिकारीबाट तहतह हुँदै महोत्तरी जिल्ला अदालतको तहसिलदार, महोत्तरी जिल्ला अदालत र पुनरावेदन अदालत जनकपुरले गरेका आदेशहरूबाट निवेदकको मौलिक हक र कानूनप्रदत्त अधिकार हनन् भएको भन्ने दावी तर्कसङ्गत नदेखिनुका साथै उल्लिखित आदेश त्रूटिपूर्ण भएको भन्ने निवेदन जिकिर कानूनसम्मत भन्न मिल्ने अवस्था देखिँदैन । उल्लिखत आदेशबाट कानूनको प्रत्यक्ष त्रूटि भएको भन्न सकिने स्थिति पनि विद्यमान देखिन नआएको हुँदासमेत प्रस्तुत निवेदनबाट असाधारण क्षेत्राधिकारमार्फत मागबमोजिम आदेश जारी गर्नुपर्ने औचित्यसमेत पुष्टि हुन सकेको नपाइने ।

विवेचित आधार र कारणबाट महोत्तरी जिल्ला अदालतका तहसिलदारबाट भएको मिति २०६९।२।३१ को आदेश बेरीतको नदेखिँदा मिति २०६९।३।२९ मा महोत्तरी जिल्ला अदालतबाट भएको आदेशलाई परिवर्तन गरिरहनु नपर्ने भनी मिति २०६९।१०।०४ मा पुनरावेदन अदालतबाट मुलुकी ऐन, अदालती बन्दोबस्तको १७ नं. बमोजिम भएको आदेशबाट निवेदकको मौलिक हकमा आघात परेको स्थिति विद्यमान नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत: टीकाभूषण घिमिरे
कम्प्युटर: सन्तोष अवाल
इति संवत् २०७० साल चैत २१ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-WO-०००८, उत्प्रेषण, पुण्यदेव *मण्डल धानुक वि. उपेन्द्र महतो नुनियासमेत*

निवेदकले कानूनी व्यवस्थाबमोजिम बेरितको कामकार्यवाही बदर गरिपाउँ भनी महोत्तरी जिल्ला अदालतमा मिति २०६८।८।४ र मिति २०६८।८।२९ मा जायजात मुचुल्का र पञ्चकृते मूल्याङ्कनका कामकावारवाही भएका र सो काम भएका मितिबाट मुलुकी ऐन, दण्ड सजायको ६१ नं. बमोजिमको निवेदन कानूनले तोकेको पन्ध्र दिनभित्र परेको देखिन नआउने ।

महोत्तरी जिल्ला अदालत र पुनरावेदन अदालतबाट भएका आदेशमा कानूनको कुनै प्रत्यक्ष त्रूटि विद्यमान भएको देखिएन । कानूनबमोजिमको साधारण क्षेत्राधिकार प्रयोग गर्दै साधिकार निकायबाट प्रचलित कानूनद्वारा निर्धारित कार्यविधि पालना र अवलम्बन गरी भएका आदेशबाट रिट निवेदकको संवैधानिक तथा कानूनी हकाधिकारमा कुनै आघात पुगेको वा अधिकार हनन् भएको अवस्था देखिन नआउने । महोत्तरी जिल्ला अदालत र पुनरावेदन अदालत, जनकपुरले दण्ड सजायको ६१ नं. बमोजिमको अवधि व्यतित भएपश्चात् परेको निवेदनसम्बन्धमा केही बोलिरहनु नपर्ने भनी भएको मिति २०६९।२।२५ को आदेशबाट निवेदकको संवैधानिक तथा कानूनी अधिकारमा आघात परेको वा हस्तक्षेप भएको भन्न नमिल्ने हुँदा निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे
कम्प्युटर: कल्पना बर्तौला
इति संवत् २०७० साल चैत २१ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-WO-११४७, उत्प्रेषण/परमादेश,

*रामशरण सिलवाल वि. शिक्षा मन्त्रालयसमेत*

विद्यालयको नाम कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट नामकरण भएकामा कुनै सहयोग गरे पनि विद्यालयको नामकरण परिवर्तन गरिने छैन भन्ने सम्बन्धमा विद्यालयको नाम कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट नामकरण भएको स्पष्ट आधारसहित पुष्ट्याई हुन नसकिरहेको र साविकदेखि चलिआएको त्रिवेणी बराह माध्यमिक विद्यालयको नामको पछाडिबाट श्री त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी माध्यमिक विद्यालय भन्ने नामकरण भएकाले सो नाम पूर्णरूपमा हटाइएको नभई साविकमा भइरहेको विद्यालयको नामको पछाडिबाट नियमावलीमा उल्लिखित प्रावधान अपनाई श्री त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी माध्यमिक विद्यालय नामकरण भएको विषयलाई अन्यथा मान्न मिल्ने अवस्था देखिँदैन। अर्कोतर्फ स्थानीय स्तरमा श्री त्रिवेणी बराह माध्यमिक विद्यालय, विद्यालय व्यवस्थापन समिति एवम् सम्बन्धित गाउँ विकास समितिको सिफारिसमा भए गरेका नामकरण आदि प्रश्नको औचित्यमा प्रवेश गरी अदालतले हेर्ने विषय नबन्ने।

विद्यालय व्यवस्थापन समिति एवम् सम्बन्धित गा.वि.स. कार्यालयसमेतको सिफारिसबाट दाताले दिएको दान रकमसमेतको आधारबाट जिल्ला शिक्षा कार्यालय, चितवनको पत्रसमेतको आधारबाट शिक्षा मन्त्रालयबाट शिक्षा नियमावली, २०५९ को नियम १५४ मा उल्लिखित प्रावधानबमोजिम विद्यालयको नामकरण गरिएको विषय उपरोक्त उल्लिखित विवेचित आधारसमेतबाट अन्यथा नदेखिई रिट जारी हुने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत रिट निवेदन नै खारेज हुने ठहरेकाले यस अदालतबाट भएको अन्तरिम आदेश समेत स्वतः निष्क्रिय हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-RC-००६४, *कर्तव्य ज्यान, नेपाल सरकार वि. कृष्ण भन्ने देवेन्द्र नेपाली*

आधार र कारणबेगर नै राज्यले लिएको दण्ड नीतिकै विपरीत हुने गरी अ.ब.१८८ नं. बमेजिम सजाय घटाउदै जाने प्रवृत्तिले न त पीडितको भावनामा पुग्न गएको चोटलाई कम गर्न नै मद्दत गर्छ न त दण्डहीनताको स्थितिमा कमी ल्याउनमा नै मद्दत गर्छ। यस्तो विषयमा न्यायकर्ता सधैँ होसियार रहन जरूरी हुन्छ। आपराधिक घटना घटाउने व्यक्ति १५ वर्ष पुगी १६ वर्ष पुग्न जति अन्तर बाँकी रहन्छ त्यति नै अनुपातको अन्तर उसको सोच्नसक्ने क्षमतामा पनि रहेको हुन्छ भनेर कुनै निश्चित वैज्ञानिक आधार कारणबेगर भन्न नसकिने।

फौजदारी कसुरमा १६ वर्ष नपुगेकालाई बयस्क अपराधीलाई हुने सरहको सजाय नगरी कम सजाय गर्ने आधार नै सजाय घटाउने आधारको रूपमा बुझ्नुपर्ने हुन्छ। १६ वर्ष पुग्नलाई सामान्य समयको मात्र अन्तर बाँकी रहेकै कारणले त्यस्तो व्यक्तिले अपराधको मतलब र परिणामलाई सम्झन र बुझ्न नसक्ने अवस्थामा रहेकै हुन्छ भन्न नसकिने र १६ वर्ष पुग्न लागेको व्यक्तिमा वयस्कताको लक्षण देखिसक्ने नै हुँदा त्यस्तो व्यक्तिलाई कानुनले दिन मिल्ने भन्दा बढी रियायत दिन मिल्दैन। कर्तव्य ज्यान जस्तो सङ्गीन र गम्भीर किसिमको फौजदारी मुद्दामा प्रतिवादीलाई उसले घटाएको अपराधको मात्राअनुसारको उपयुक्त सजायको निर्धारण गरी सुधार गर्नु र पीडितलाई मानवोचित एवम् न्यायोचित तरिकाले न्याय प्रदान गर्न सक्नुपर्ने।

प्रतिवादीको दोषी मनोभावनाको स्तर कस्तो रहेको थियो भनेर उसले मृतकमाथि छोडेको चोटको प्रकृति, शरीरको कुन भागमा चोट छोडेको छ र कति पटक प्रहार गरेको छ भन्ने जस्ता कुराको विश्लेषण गरेर निकाल्न जरूरी हुन्छ। प्रतिवादी देवेन्द्र नेपालीले मृतक निरक दमाईको छाती जस्तो संवेदनशील अङ्गको बीच भागमा खुकुरीले रोपेको छ र बायाँ कुममा २ पटक प्रहार गरेको अवस्था मृतकको लास जाँचबाटै देखिएको छ। खुकुरी प्रहार गरी मारेको कुरामा प्रतिवादी मौका एवम् अदालतसमेतमा साबितै रहेबाट प्रतिवादीले मृतक निरक दमाईलाई ज्यानै लिने दोषी मनोभावनाले छाती एवम् कुमसमेतमा प्रहार गरेको स्पष्ट देखिने।

मृतकलाई मार्ने पर्नेसम्मको मनोभावना

नराखी मृतकको शरीरमा गम्भीर किसिमको चोटमात्र पार्ने उद्देश्यले प्रहार गरेको हुन्थ्यो भने प्रतिवादीले मृतकलाई जोखिमी हतियारले छातीको भागसमेतमा प्रहार गर्नुपर्ने कुनै जरूरी नै हुने थिएन। यसरी ज्यानै लिने इबी लिई मृतकमाथि प्रहार गरेको भन्ने स्पष्ट देखिएको र प्रतिवादीको उमेर १६ वर्ष नपुगेको कारण नै प्रस्तुत मुद्दामा निजलाई सजाय घटाउने कानूनी आधारको रूपमा रहिरहेको मान्नुपर्ने हुँदा निज प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम निर्धारित सर्वस्वसहित जन्मकैद हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा सजायमात्र हुने भएकाले मुलुकी ऐन, अ.बं. को १८८ नं. बमोजिम पुनः निजलाई सजाय घटाउनको लागि प्रस्ताव गरिएको राय मनासिब नदेखिने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल भदौ ६ गते रोज ६ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-०२५१, उत्प्रेषण/परमादेश, *तारानन्द झासमेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

रिट निवेदक रघुनन्दन अधिकारीको हकमा अदालतको आदेशविपरीत गएर पदस्थापना गर्ने निर्णय बदर गरिएको भन्न मिलेन । यसरी निजलाई पदस्थापना गर्ने सम्बन्धमा यस अदालतबाट आदेश नै नभएको अवस्थामा निजले लिएको निवेदन दावी नै तथ्यमा आधारित रहेको देखिएन । अदालतको आदेशमा उल्लेखै नभएको कुरा कार्यान्वयन भएन भन्न मिल्ने कुरा पनि भएन । त्यसैले रिट निवेदक मध्येको रघुनन्दन अधिकारीको हकमा निजको दावी अनुसारको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

अतः पुनावेदन अदालत पाटनको आदेशबमोजिम पदनाम दिई पदस्थापनासमेत गरिएको निवेदकमध्येको तारानन्द झाको हकमा अदालतको आदेश कार्यान्वयन गरेको अवस्था देखिएकामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट लेखी आएअनुसार भनी अदालतको आदेशको अवज्ञा हुनेगरी नेपाल सरकारको (स्वास्थ्य मन्त्रिस्तरीय) निर्णयबाट निजको पदस्थापना बदर गरेको मिति २०६९।४।३२ को निर्णयका साथै विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०६९।५।६ को निर्णय र सो निर्णयअनुसार लेखिएको मिति २०६९।५।८ को उक्त विभागको पत्रसमेत गैरकानूनी देखिएकाले उक्त निर्णय र पत्रलाई कायम राखिराख्न नमिल्ने भएबाट उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ । पुनरावेदन अदालत पाटनबाट परमादेश जारी गर्नेगरी भएको आदेश र स्वास्थ्य मन्त्रालयको मिति २०६५।४।७ को निर्णयबमोजिम कायम भएको पदनाम र पदस्थापना कायम गर्नु गराउनु भनी विपक्षी स्वास्थ्य मन्त्रालयसमेतको नाउँमा परमादेशसमेत जारी हुने।

निवेदकमध्येका रघुनन्दन अधिकारीको हकमा भने सर्वोच्च अदालतको आदेशमा निजलाई पदनाम दिनु भन्ने निर्णयमात्र भएको देखिएको र पदस्थापना गर्ने काम भने सर्वोच्च अदालतको आदेशबमोजिम भएको नभई स्वास्थ्य मन्त्रालय आफैले गरेको देखिँदा सर्वोच्च अदालतको आदेशविपरीत पदस्थापना बदर गर्ने निर्णय गरिएकाले सो निर्णय बदर गरिपाउँ भनी निजले लिएको निवेदन जिकिर भने पदस्थापनाको सम्बन्धमा सर्वोच्च अदालतले आदेश नै नदिएको सन्दर्भमा आधारहीन हुँदा सो हदसम्म निजको मागबमोजिम उत्प्रेषणको आदेश जारी हुन नसक्ने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल साउन १६ गते रोज ६ शुभम्।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-WO-११५७, उत्प्रेषण/परमादेश, *लक्ष्मण महतोसमेत वि. सुनीतादेवी महतोसमेत*

मिति २०६७।९।११ मा भएको बन्डा मुचुल्काबाट विपक्षी वादीले आफूले अंशबापत पाउने जग्गाभन्दा कमै नै क्षेत्रफल जग्गा लिई निवेदक प्रतिवादीहरूलाई बढी नै क्षेत्रफल जग्गा छोडेको भन्ने कुराको जिकिर विपक्षीहरूले लिखित जवाफमा लिएकोसमेत देखिन्छ । आफूहरूले प्राप्त गर्नेभन्दा कम जग्गा पर्ने गरी बन्डा छुट्याइएको भन्ने पनि

निवेदकहरूको जिकिर नरहेको र विपक्षी वादीबाट सदासयतावस कम नै जग्गा लिई बन्डा छुट्ट्याउने कार्यलाई छिटो सम्पन्न गर्न खोजेको अवस्थासमेत देखिएकोलाई बन्डा छुट्ट्याउने कार्य बेरीतको रहेछ भन्न नमिल्ने।

सुनसरी जिल्ला अदालतबाट मिति २०६७।९।११ मा भएको बन्डा मुचुल्कालाई बेरीतको भयो भनी अंसियारमध्येका उपेन्द्र र दीपकले उजुर नगरी उक्त बन्डा मुचुल्कामा चित्त बुझाई बसेको अवस्थासमेत देखिन्छ । सो बन्डा मुचुल्काउपरमा विपक्षी वादीका सासू, ससुरा र देवरले मात्र उजुर गरेको अवस्था देखिएको छ। पाँच भागको एक भाग मध्येबाट आधा भाग जति विपक्षी वादीले अंश पाउने ठहर फैसला भएकामा फैसलाबमोजिम निजले पाउनेभन्दा बढी भाग अंश छुट्ट्याई लिएको भन्ने पनि मिसिलबाट देखिँदैन। समान स्तरका अंसियारमध्ये कसैले बन्डा छुट्याउने कार्यमा चित्त बुझाई बसेको, केहीले मात्र चित्त नबुझाई उजुर गरेको अवस्था रहेको र माथि गरिएको विवेचनाका आधारमा बन्डा छुट्ट्याउने कार्य कानूनअनुरूपकै देखिन आएबाट त्यस्तो बन्डा मुचुल्कालाई बेरीतसँग भएको भन्न नमिल्ने।

सुनसरी जिल्ला अदालतबाट मिति २०६७।९।११ मा भएको बन्डा मुचुल्का कानूनी रीतपूर्वककै देखिएबाट त्यस्तो बन्डा मुचुल्कालाई सदर गरेको सुनसरी जिल्ला अदालतको मिति २०६७।११।२७ को आदेशलाई परिवर्तन गर्न नपर्ने भनी भएको पुनरावेदन अदालत, विराटनगरको आदेशमा कानूनी त्रूटि नदेखिएबाट निवेदकहरूमा कुनै हक अधिकारको हनन भएको नपाइँदा मागबमोजिमको आदेश जारी गर्न परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : बाबुराम सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल साउन १६ गते रोज ६ शुभम्।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-००९८, परमादेश, *प्रा. डा.गोविन्द के.सी. समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

ज्ञानोपार्जनको पवित्र उद्देश्यले स्थापित शिक्षण संस्थाहरू नियुक्तिजस्ता सामान्य कारणबाट प्रभावित हुनुहुँदैन। यस्ता निकायहरूबाट सम्पादित हुने प्रमुख काम भनेकै अध्ययन अध्यापन हुनेहुदा यस्ता कार्यमा अवरोध आउनु राज्यको लागि सुहाउने कुरा हुदैन । नेतृत्वदायी भूमिकामा रहने पदाधिकारीहरूको नियुक्ति गर्नेकुरालाई हलुका र गौणरूपमा हेर्न नमिल्ने।

कानूनमा नै नियुक्तिको लागि समय निर्धारण गरिएको अवस्थामा कुनै मनासिब कारण नभई त्यस्तो समयावधिभित्र नियुक्ति गरिसक्नुपर्ने पदाधिकारीहरूको नियुक्तिप्रति उदासिन रहने विपक्षीहरूको क्रियाकलापलाई सामान्य रूपमा लिन नमिल्ने।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतको चिकित्साशास्त्र अध्ययन संस्थान एक स्वशासित एवम् स्वतन्त्र निकाय रहेको सन्दर्भमा सो संस्थाको पनि यस विषयमा कुनै सार्थक प्रयास हुन सकेको देखिएन। यस्ता विषयमा सरोकारवला सम्बन्धित सबै संवेदनशील हुन पर्ने।

रिट निवेदन दिँदाको अवस्थामा निवेदनमा उल्लिखित पदाधिकारीहरूको नियुक्ति कानूनले निर्धारित गरेको समयभित्र नभएको कारण देखाई निवेदकहरू रिट क्षेत्रमा आएको भए पनि हाल मागअनुसारका पदहरूमा नियुक्ति गर्ने कार्य सम्पन्न भइसकेको अवस्था देखिन आएकाले रिट जारी गर्नुको औचित्य समाप्त भइसकेको हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल भदौ ९ गते रोज २ शुभम्।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-०६५८, नक्सा पास र नक्सासमेत बदर गरिपाऊँ, *रामाकान्त तेली वि. कमला ठाकुरसमेत*

प्रस्तुत मुद्दामा नगरपालिका कार्यकारी अधिकृतबाट नक्सापाससम्बन्धी निर्णय भएको विषयमा चित्त नबुझ्ने पक्षले जिल्ला अदालतमा उजुर गर्न सक्ने व्यवस्था नभएबाट सुरू जिल्ला अदालतले प्रस्तुत विवाद निरूपण गर्न सक्ने अवस्था रहेन । पुनरावेदन अदालत, बुटवलमा दिनुपर्ने उजुरी जिल्ला

अदालतमा दिएको देखिँदा अ.बं. २९ (८) नं. विपरीत क्षेत्राधिकारको अभावमा सुरू अदालतले फिराद खारेज गर्ने गरेको निर्णयलाई पुनरावेदन अदालतले सदर हुने ठहर्‍याएको फैसला अन्यथा भन्न मिल्ने नदेखिएबाट यस अदालतबाट मिति २०६६।९।२२ मा मुद्दा दोहोर्‍याई हेर्ने गरी प्रदान भएको निस्सामा लिइएको आधारसँग सहमत हुन नसकिने।

विवेचित आधार र कारणबाट नक्सा पास र नक्सासमेत बदर गरिपाउँ भनी दिएको प्रस्तुत मुद्दाको फिराद कानूनसम्मत नहुँदा क्षेत्राधिकारसमेतको अभावमा फिराद दावी खारेज हुने ठहर्‍याएको सुरू नवलपरासी जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलको मिति २०६५।२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ २९ गते १ रोज शुभम्।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-११५६, हक कायम खिचोला, *अलखनन्दन कुर्मीसमेत वि. गंगाराम कुर्मीसमेत*

यी वादी र प्रतिवादी अंसियारबीच चल धन र घरसमेतको घर सारमा मिति २०५६।१।६ मा बन्डापत्र भई मिति २०५६।१।७ मा राजीनामा पास भई छुट्टी भिन्न भएको तथ्य मिसिल संलग्न बन्डापत्रको प्रतिलिपिबाट देखिन्छ । वादी प्रतिवादी को कसले, के कति घर भोग चलन गरेको एवम् के कति भाग अंशियाहरूको भागमा परेको भन्ने फिरादपत्रबाट पनि देखिन आएन। मिति २०६२।३।१८ मा भएको नक्सामा समेत पुनरावेदकहरूले आफूले अंशमा पाएको धन यो हो भनी प्रस्टरूपमा लेखाउन र सोको प्रमाण पेस गर्न सकेको पनि देखिँदैन। वादीले मात्रै घर पाएको वा अमुक प्रकृतिको घर पाएको भनेको नभई अंसियारहरूले घर सारमा घर बन्डा लिएकोसम्म भनेको देखिँदा यी पुनरावेदकहरूले विवादित घर पाएको भन्ने कुरा तथ्यबाट पुष्टि नभएको र हाल घरको अस्तित्वसमेत नदेखिएको अवस्थामा यस अदालतबाट मिति २०६७।२।२६ मा निस्सा प्रदान गर्दा लिएको आधारसँग सहमत हुन नसकिने।

बन्डापत्र समेतबाट अमुक घरको तर्फ र भाग कुन अंसियारले के कति पाई भोग गरेको भन्ने पुष्टि हुन नसकेको र विवादको घर जग्गामा यी पुनरावेदककै पुनरावेदन दावीबमोजिम अंश हक कायम हुनसक्ने अवस्था भएको नदेखिँदा सुरू कपिलवस्तु जिल्ला अदालतको वादी दावी पुग्न नसक्ने ठहर्‍याएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलबाट मिति २०६३।३।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ । पुनरावेदक वादीको पुनरावेदक जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ २९ गते रोज १ शुभम्।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-०६५७, घर भत्काई जग्गा खिचोला मेटाई जग्गा खाली गराई हक कायम गरी चलन चलाई पाउँ, *रामाकान्त तेली वि. कमला ठाकुर*

प्रस्तुत मुद्दामा मिति २०६०।११।०८ मा भएको नक्सा मुचुल्कामा विवाद छैन । दाताले नै विवादको जग्गा घटीबढी पारी भोग गरेको मिति २०६०।११।०८ को नक्सा मुचुल्काबाट देखिन्छ । साथै सोही अवस्थाको लिलाम सकार गरी वादीले प्राप्त गरेको देखिन्छ भने वादीले सो अवस्थाको अधीनमा नरही वादीको स्रोतवालाले नै त्याग गरेको विषयमा अहिले आएर दावी गर्नसक्ने अवस्था रहँदैन । संयुक्त दर्ताकै अवस्थामा लेनदेन मुद्दा चलेको भए पनि दर्ता फारी पूर्वको भोगको विषयमा दर्ता फारी मुद्दाबाटै भोगको स्थिति देखाएको हो । नक्साउपरको दावी नपुग्ने भइसकेको स्थितिमा २०६० सालको नक्सा मुचुल्काबाट अन्यथा देखिएको अवस्थालाई पछि सकार गर्नेले इन्कार गर्नसक्ने स्थिति पनि नरहने।

दर्ता फारी मुद्दाबाट नै नक्सामा प्रतिवादीको भोगको क्षेत्रफल खुलेको समेत देखिएको परिप्रेक्ष्यमा यस अदालतको संयुक्त इजलासबाट मिति २०६६।०९।२२ मा "प्रतिवादीको कि.नं. १७ मा ०-०-१८ जग्गा स्रेस्ताबाट देखिएकामा अदालतबाट भई आएको नक्साबाट निजले स्रेस्ताभन्दा बढी जग्गा भोग

गरेको देखिएको अवस्था र वादीको जग्गा नक्साबाट कम रहेको देखिँदादेखिँदै" भनी मुद्दा दोहोर्‍याई हेर्ने गरी प्रदान भएको निस्सामा लिइएको आधारसँग सहमत हुन नसकिने।

विवेचित आधार र कारणबाट घर भत्काई खिचोला मेटाई जग्गा खाली गराई हक कायम गरी चलन चलाइपाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहर्‍याई भएको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६४।०३।१० को फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६५।०२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ २९ गते रोज १ शुभम्।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-१२१२, जबर्जस्ती करणी, *गोम्चे गन्धर्व वि. नेपाल सरकार*

अनुसन्धानको क्रममा प्रतिवादी फरार रही पछि अदालतसमक्ष उपस्थित भई निजले कसुरमा इन्कारी बयान गरे पनि करणी भएको कुरा निज पीडित सीताकुमारीको मौकाको स्वास्थ्य परीक्षणबाट पुष्टि भएको छ। यी पीडित पुनरावेदक प्रतिवादी आफैँले जन्माएकी छोरी भएको र पीडितले बिना कुनै कारण आफूलाई जन्म दिने, पालनपोषण गर्नेसमेत दायित्व भएका बाबुउपर यस्तो घृणित, अकल्पनीय र पासविक व्यवहार गरेको भनी निजउपर आरोप लगाउनसक्ने कल्पना पनि गर्न नसकिने।

पीडित १४ बर्षकी नाबालिका रहेकी, निजसमेत अन्य भाइबहिनी रहेका भन्नेसमेतको पीडितको बकपत्रसमेतबाट देखिन्छ। जङ्गलमा दाउरा काट्न गएको मौका पारी आफैँले जन्माएकी अतिसय कलिलो उमेरकी आफ्नी छोरीलाई निर्लज्ज र पासविक तरिकाले करणी गरेको भन्ने पीडितको भनाइ आफैमा कपोलकल्पित होला भनी अनुमान गर्न नसकिने।

मौकामा पीडितले प्रतिवादीउपर दिएको जाहेरी, पीडितकी आमा तथा प्रतिवादीकी श्रीमतीको मौकाको कागज, घटनास्थल मुचुल्कासमेतले पीडित उपर यी प्रतिवादीले करणी गरी जबर्जस्ती करणीको वारदात पुष्टि गरेको अवस्थामा पीडितले अदालतसमक्ष बकपत्र गर्न नआएकै भरमा जबर्जस्ती करणीको वारदात नै विस्थापित भएको भनी भन्न नमिल्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २९ गते रोज २ शुभम्।

## इजलास नं २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०३४०, भ्रष्टाचार, *नेपाल सरकार वि. वीरेन्द्रकुमार सिंहसमेत*

प्रतिवादीले बैङ्कबाट दावीको रकम निकालिसकेपछिको अवधिमा सोभन्दा पनि बढीको चल अचल सम्पत्ति खरिद गरेको र सो सम्पत्तिसमेत प्रतिवादीले स्रोत पुष्टि गर्नुपर्ने सम्पत्तिको बिगोमा हिसाब गरी दावी लिएको अवस्थामा प्रतिवादीले बैङ्कबाट झिकी लुकाएको भनी छुट्टै सम्पत्तिको बिगो कायम गरी एउटै सम्पत्तिको दोहोरो स्रोत खोज्न मिल्ने देखिन नआउने।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ अनुसार लुकाएछिपाएको कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहेकामा सो रकम कहाँ लुकाएछिपाएको छ भन्ने कुरा प्रमाण पेस गर्न सकेको देखिएन। यसअनुसार बैङ्कबाट झिकिएको रकम सम्पत्ति सिर्जनामा प्रयोग भएको देखिँदा सोसम्बन्धमा र सो रकमबापतको व्याजसमेतका हकमा विशेष अदालतबाट भएको फैसला मिलेकै देखिन आउने।

सगोल परिवारसहितको प्रतिवादीको आर्जनलाई न्यायोचित अनुमानको आधारमा स्वभाविक र अस्वाभाविक भनी छुट्याउनु पर्ने अवस्था रहेको र आय र व्ययको बीचमा देखिएको अन्तर कम हुँदा प्रतिवादी गणेश अर्यालको आर्जन स्वाभाविक रहेको भनी उक्त गणेश अर्याल समेत भएको मुद्दाको फैसला अन्तिम भई रहेकोबाट सर्वोच्च अदालतबाट सो मुद्दामा प्रतिपादित सिद्धान्तको विपरीत हुने गरी

निर्णय गर्नु न्यायोचित हुन नसक्ने।

आय र व्ययको हिसाब गर्दा विभिन्न घरायसी व्यवहार, सम्पत्तिको व्यक्तिगत लेखाजोखा राख्नुपर्ने दायित्वयुक्त व्यवस्था सुरूदेखि नै नरहेको जस्ता कारक तत्त्वहरूलाई बिर्सेर निरपेक्षरूपले आयव्ययको निर्धारण गर्नु न्यायोचित मान्न सकिँदैन। कतिपय अवस्थामा न्यायोचित अनुमानको आधारमा आय व्यय निर्धारण गर्नुपर्दा आय र व्ययको फरक रकमले मात्र राष्ट्रसेवक प्रतिवादीको उच्च जीवनस्तरलाई निर्धारण गर्न सकिँदैन। कतिपय यस्ता स्रोतहरू हुन्छन् जसबाट व्यावहारिकरूपमा आम्दानी त भएको हुन्छ तर कागज प्रमाण हुँदैनन्। कागज प्रमाणको अभावमा यो यो शीर्षकबाट यति यति आय भयो भनी निष्कर्ष निकाल्न कठिनाइ हुने हुँदा कतिपय आयका स्रोत एवम् खर्चको रकम न्यायिक अनुमानबाट पनि एकीन गर्नुपर्ने।

कुनै खास घटनामा आधारित नभई सम्पूर्ण जाँच अवधिसम्बन्धमा प्रतिवादीलाई आरोपित गरेको तथा कुनै व्यक्तिले गरेको आय आर्जन एवम् खर्चलाई एकएक पैसाको हिसाबकिताब राख्ने चलन नभएको सन्दर्भमा उल्लिखित १.७२ प्रतिशतको अन्तरज्यादै न्यून भएको कुरालाई समेत मध्यनजर राखी हेर्दा प्रतिवादीलाई सफाइ दिने गरी भएको विशेष अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

वादीपक्षबाट जुन आयका रकमहरू स्रोत नखुलेको भनी देखाइएको छ सो आयहरूसमेत स्रोत खुलेको भन्ने पुष्टि हुन आएको छ। यसरी माथि उल्लिखित विभिन्न प्रश्नहरूका सन्दर्भमा खुलाइएका आधार र कारणहरू तथा यस प्रश्नका सन्दर्भमा उल्लिखित आधार र कारणहरूबाटसमेत पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्ने अवस्था देखिन नआउने।

विपक्षीको आयको गणना गर्दा पुरै जाँच अवधि (Check Period) लाई एउटै समयावधि मानी आयको एकिन गणना गरिएको, विपक्षीले खरिद बिक्री गरेको घरजग्गाको लिखत मूल्यलाई आधार मानी आय कायम गरिएको, विपक्षीले बैङ्कबाट झिकिएका रकमहरू लुकाएको नभई पुनः सम्पत्ति सिर्जनामा प्रयोग भएको देखिएको, विशेष अदालतबाट विपक्षीको घरभाडा तथा कृषि आय आदिलाई आयमा समावेश गरेको मिलेकै देखिएको र सोको अलावा माथि उल्लेख गरिएबमोजिमका प्रतिवादीका अन्य आयस्रोतहरू पनि देखिएको र वादीले स्रोत नखुलेको भनी दावी लिएका आयहरूको तुलनामा प्रतिवादीसँग रहे भएको आयको स्रोत खुल्न नसकेको रकम ज्यादै न्यून देखिए सोसमेतका आधार र कारणहरूबाट विशेष अदालत, काठमाडौंबाट भएको मिति २०६७।०१।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अशोक कुमार क्षेत्री
कम्प्युटर अपरेटर: सन्तोष अवाल
संवत् २०७१ साल पुस २१ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-WO-०९६२, परमादेश, *अधिवक्ता सुनिलरञ्जन सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल एक स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४ मा स्पष्ट उल्लेख गरिएको परिप्रेक्ष्यमा यस देशका सीमान्तीकृत (Marginalised) रहेका समुदायहरूको उत्थानको निमित्त नेपाल सरकारबाट समुचित प्रयास हुनुपर्नेमा दुईमत हुन सक्दैन। संविधानको प्रस्तावनामा उल्लिखित देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न व्यक्त गरिएको सङ्कल्प, धारा १२ मा उल्लिखित स्वतन्त्रताको हक एवम् धारा १३ मा उल्लिखित समानताको हकसम्बन्धी व्यवस्था र धारा २१ मा उल्लिखित सामाजिक न्यायको हकसमेतलाई ध्यानमा राखी संविधानले निर्धारित गरेको कर्तव्यको जिम्मेवारीपूर्वक नेपाल सरकारबाट पालना गर्नुपर्ने कुरामा समेत विवाद हुन सक्दैन। विपक्षहरू तर्फबाट प्रस्तुत भएका लिखित जवाफहरूबाट त्यसतर्फ केही उल्लेखनीय कार्य भएको पाइएको छैन एवम् नेपाल सरकार तर्फबाट नेपालको अविभाज्यतालाई विवादरहित बनाउन र लोकतन्त्रका लागि अनिवार्यरूपले चाहिने समावेशीकरणको समुचित प्रयास गर्न इच्छुक रहेको कुरासमेत व्यक्त भएको

पाइएको छैन । तसर्थ नेपालको अविभाज्यता जोगाउन एवम् यसको अखण्डतामाथि कुनै प्रश्नसमेत उपस्थित हुन नदिन देशका सम्पूर्ण जनतालाई समानताको अधिकारको प्रत्याभूति एवम् अवसर प्रदान गर्न सचेष्ट रहनु पर्नेका साथसाथै सीमान्तीकृत समुदायप्रति सकारात्मक विभेद (Positive discrimination) गर्नु पर्ने समेतको अवसर धारा १३(३) को प्रतिबन्धात्मक व्यवस्था (Proviso) अनुसार आवश्यकता भएबमोजिम गर्नुपर्ने हुनाले संविधानको धारा १५४ लाई मध्यनजर राखी निवेदन मागअनुसार मधेसी समुदायको सशक्तीकरण गर्न र राज्यबाट समानताको हकतिर उन्मुख गराउन प्रयास गर्नु र आवश्यकता अनुसारको आयोग एवम् कानून समेत बनाउनु भनी नेपाल सरकारलगायतका विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली, नगेन्द्र कालाखेती

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल फागुन २५ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WH-००४८, बन्दीप्रत्यक्षीकरण, *राजु श्रेष्ठ वि. केन्द्रीय अनुन्धान ब्युरो, महाराजगञ्ज काठमाडौंसमेत*

म्यादको तामेली व्यहोरा हेर्दा निज घरमा फेला नपरेको र निजका एकाघर परिवारका मानिसले म्याद बुझ्न इन्कार गरेकाले निजका नाउँको म्याद निजको घरदैलोमा टाँस भएको साथै उक्त म्यादमा इमाडोल गा.वि.स. का ३ जना व्यक्तिहरू साक्षी बसी इमाडोल गा.वि.स. का सचिव रामनारायण दहीको रोहबरमा अ.बं. ११० नं. को प्रक्रिया पुर्‍याई तामेल भएको देखिएकाले सो म्याद रीतपूर्वकको होइन भन्नसक्ने अवस्था नदेखिने ।

निवेदक प्रतिवादीका नाउँमा जारी भएको म्याद मिति २०६०।११।२८ मा निजको घर दैलोमा अ.बं. ११० नं. को रीतपूर्वक तामेल भएको र सोही आधारमा सुरू तथा पुनरावेदनको रोहमा सर्वोच्च अदालतसमेतबाट फैसला भई उक्त मुद्दा अन्तिम भइरहेको अवस्थामा फैसलाअनुसार लागेको कैद र जरिवानाको लगतबमोजिम नै निजलाई पक्राउ गरी कैदमा राख्न पठाएको स्थिति हुँदा उक्त थुनामा राख्ने कार्य कानूनविपरीत भएको भन्न नमिल्ने ।

बन्दीप्रत्यक्षीकरणको आदेश कानूनविपरीत थुनामा राखेको देखिएमा वा कानूनको अतिक्रमण गरी वा अधिकारको अतिक्रमण गरी थुनामा राखिएको देखिएमा मात्र जारी गर्न मिल्ने हुँदा प्रस्तुत मुद्दामा सो अवस्था नदेखिई निवेदकलाई निजका नाउँमा रहेको फैसला अनुसारको कैद जरिवानाको लगत असुलउपर गर्ने प्रयोजनका लागि निज बेरूजु रहेको अवस्थामा मिति २०७१।६।२३ मा पक्राउ गरी रीतपूर्वकको कैदी पुर्जी दिई कैदमा राख्न पठाएको स्थिति हुँदा निवेदकको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने नदेखिने ।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल चैत १३ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०७९९, उत्प्रेषण/परमादेश, *राजकुमार विश्वकर्मा वि. डा. सन्तोषकुमार ढुङ्गानासमेत*

स्वास्थ्य सेवा जनताको बाँच्न पाउने अधिकारसँग जोडिएको आधारभूत अधिकार भएकाले यस्तो सेवा अवरूद्ध गर्ने अधिकार कसैलाई पनि हुँदैन साथै नेपाल सरकारको मिति २०७१।२।५ को राजपत्रमा प्रकाशित सूचनामा समेत अस्पताल स्वास्थ्य केन्द्र, औषधी बिक्री वितरणसम्बन्धी सेवामा हड्ताल निषेध गरेको अवस्थामा सोविपरीत वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हड्ताल, तालाबन्दी गरी जनताको स्वास्थ्य सेवाको सुविधा पाउने हकबाट बञ्चित गरेको कार्यलाई कुनै पनि बहानाका नाममा उचित र तर्कसङ्गत मान्न मिलेन । सहज र सरल तरिकाले सबैलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हो । अझ त्यसमाथि देशको ऐन कानूनद्वारा स्थापित वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको गुणस्तरीय

स्वास्थ्य सेवा प्रदान गरी आम जनतालाई स्वास्थ्य सेवा उपलब्ध गराउनु कर्तव्य हुन आउने ।

विवेचित आधार, कारण तथा विपक्षीहरूका लिखित जवाफहरूबाट समेत वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको अस्पतालको स्वास्थ्य सेवा हाल सुचारू रहे भएको भन्ने देखिएबाट निवेदकले माग गरे जस्तो सेवा सुचारू गर्ने र अवरूद्ध नगर्ने व्यवस्था सुनिश्चित हुनुपर्ने कुरामा जोड दिई हाल आदेश जारी हुनुपर्ने औचित्य समाप्त भएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल मङ्सिर १८ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-WO-१२६८, उत्प्रेषण/परमादेश, *कृष्णबहादुर तामाङसमेत वि. महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाडौंसमेत*

विपक्षी डिस्कोर्टी ऐनेले सो घरमा बहालमा बस्न पाउने नपाउने भन्ने कुरा रिट निवेदकले उठाएतर्फ हेर्दा घर बहालमा बसेको मान्छेलाई बहालबाट हटाउने सम्बन्धमा कानूनले निश्चित प्रक्रिया, विधि, अधिकार र सो विषयमा फिराद दिने अदालतसमेत कानूनबमोजिम निर्धारण भएको अवस्थामा निवेदकले कानूनले निर्दिष्ट गरेकाले बाटो अवलम्बन गरी क्षेत्राधिकार भएको अदालतमा फिराद दिएमा सबुद प्रमाण बुझी सोही अदालतबाट समस्याको निराकरण हुने नै हुँदा सो विषयमा यस अदालतको असाधारण अधिकार क्षेत्रबाट हेरी निरूपण गरिरहनुपर्ने नदेखिने।

निवेदन दावीको घर एवम् जग्गा निवेदकको भएको भन्ने स्पष्ट भए पनि विपक्षी डिस्कोर्टी ऐनेलाई सो घरमा बहालमा बस्न दिने नदिने भन्ने विवाद अदालतको सामान्य अधिकारक्षेत्रअन्तर्गतको हुँदा कानूनले निर्दिष्ट गरेको प्रक्रिया अवलम्बन गरेमा प्रभावकारी उपचारको व्यवस्था हुने अवस्था विद्यमान हुँदाहुँदै अदालतको असाधारण अधिकारक्षेत्रबाट सो विषयको निरूपण हुने देखिएन। अत:एव प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल मङ्सिर १८ गते रोज ५ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-RC-००४६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. आदम राइन कवारी*

प्रतिवादी कसुरमा इन्कार रही बाहिर थिए भनी alibi को जिकिर लिई फौजदारी दायित्वबाट उन्मुक्ति लिन खोजेको पाइन्छ । यस्तो अवस्थामा प्रमाण ऐन, २०३१ को दफा २७(१) ले "....सजाय रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुरा प्रमाण पुर्‍याउने भार निजमाथि हुन्छ..." भन्ने कानूनी व्यवस्था भएबमोजिम प्रतिवादी आदम राइन कवारीले कुनै ठोस प्रमाण पेस गर्न सकेको पाइँदैन। वारदातको मिति र समयमा वारदातस्थलमा थिइन बाहिर थिएँ भनेरमात्र हुँदैन, त्यसलाई प्रमाणित गर्ने प्रकृतिको ठोस प्रमाण पेस गरेको मिसिलबाट देखिँदैन। प्रतिवादीले बाहिर रहेको भनी ठोस प्रमाण पेस गर्न नसकेको, मृतकलाई अपहरण गरी लगेको देखेको हुँ भनी मिथिला ठाकुर, जोगेन्द्र मण्डल समेतले गरेको बकपत्र, सहअभियुक्तहरूको बयानसमेतका आधार प्रमाणबाट यी प्रतिवादीको इन्कारी बयान र alibi को जिकिर विश्वास गर्नलायक नदेखिने।

सुरू धनुषा जिल्ला अदालतबाट प्रतिवादी आदम राइन कवारीले अभियोग दावीबमोजिम कसुर गरेको ठहरेकाले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।१।२० को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल भदौ २७ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-१२३९, उत्प्रेषण/परमादेश, *पशुपतिकुमार यादव वि. पुनरावेदन अदालत, राजविराजसमेत*

लिलामसम्बन्धी कार्य गर्दा सिरहा जिल्ला अदालतले कानूनी तथा कार्यविधिगत त्रुटिहरू गरेको देखिएबाट सो अदालतबाट मिति २०६४।२।२६ मा भएको जायजात तायदात, मिति २०६४।३।१४ मा भएको पन्चकृते मुचुल्का र सोका आधारमा मिति २०६४।५।३० मा पहिलापटक डाँक लिलाम हुँदा कसैले सकार नगरेको कारणले पुनः मिति २०६४।६।२३ मा डाँक लिलाम हुँदा यी निवेदकले लिलाम सकार गरी सोबमोजिम मिति २०६४।७।१९ मा दा.खा. पत्रसमेत दिएको देखिँदा सोसमेत बदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७०।१।२० को आदेश कानूनविपरित भएको भनी मान्न मिल्ने देखिएन। यसरी एउटा सक्षम निकायबाट कानूनबमोजिम गरिएको कार्यले यी रिट निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात परेको देखिन नआउने हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने भई रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: हेमबहादुर सेन, देवी चौधरी

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७० साल मङ्सिर १४ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०६६१, ००९९, वैदेशिक रोजगार ठगी, अम्बिका भन्ने *मिलन बुढाथोकी वि. नेपाल सरकार, नेपाल सरकार वि. दयाराम कँडेल*

प्रतिवादी दयाराज कँडेल आफूले विदेश पठाउने पनि नगरेको र आफूले कुनै संस्था पनि नखोलेको केवल प्रतिवादी मिलन बुढाथोकी र कुमार पुरीले पासपोर्ट तथा भिसासमेतका कागजातहरू देखाई टिकट काट्न भनी निजको ट्राभल एजेन्सीमा आएकाले पासपोर्ट भिसा हेरी टिकटसम्म काटिदिएको भन्ने कुरा स्वीकार गरेको र पासपोर्ट तथा भिसा सही सत्य हो वा झुट्टा हो भन्ने कुरा ट्राभल एजेन्सीमा बसी टिकट काट्ने व्यक्तिलाई थाहा जानकारी हुन नसक्ने हुँदा निजले पनि जाहेरवालाहरूलाई ठगी गरी विदेश पठाएका रहेछन् भनी अनुमान गर्न सकिने अवस्था रहेन। अन्य खम्बिर प्रमाणको अभाव रहेको अवस्थामा हवाई टिकट काटिदिएकै आधारमा मात्र वैदेशिक रोजगार ठगीमा कसुर गरेको ठहर गर्नु न्यायसङ्गत हुन नसक्ने।

प्रतिवादीमध्येका अम्बिका भन्ने मिलन बुढाथोकीले वैदेशिक रोजगार ऐन २०६४ को दफा १० विपरित कार्य गरेको देखिन आएकाले ऐ.को दफा ४३ बमोजिम निजलाई ३(तीन) वर्ष कैद र रू. ३,००,०००।- (तीन लाख) जरिवानासमेत हुने ठहर्‍याई निज प्रतिवादी मिलन बुढाथोकीबाट जाहेरवालाहरूले बिगो रू. ६,२३,०००।– (छ लाख तेईस हजार) र सोको ५० प्रतिशत हर्जानासहित र दुबई पुगी फर्किएका जाहेरवालाहरूले रू.५०,०००।– (पचास हजार) का दरले आतेजाते टिकट खर्चसमेत भरिपाउने ठहर्‍याएको र प्रतिवादी दयाराज कँडेलले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६७।५।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। सफाई पाउँ भन्ने प्रतिवादीमध्येका मिलन बुढाथोकीको र दयाराज कँडेललाई अभियोग माग दावीबमोजिम सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: हेमबहादुर सेन

कम्प्युटर: गंगा के.सी.

इति संवत् २०७१ साल पुस ७ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०१४७, करारबमोजिम गरिपाउँ, *प्रदीपराज पाण्डेसमेत वि. कर्मलक्ष्मी कंसाकार*

प्रतिवादी र वादीबीच भएको २०४९।६।९ को करारनामाको सर्तबमोजिम कि.नं. १३३४ को जग्गाबाट प्रतिवादीले बन्डाबापत प्राप्त गरी कायम भएको कि.नं.१४०७,१४१२ र १४१३ जग्गामध्येबाट वादीलाई १-८-०-० जग्गा करारनामाबमोजिम प्रतिवादीले दिनुपर्नेमा सो नदिएको अवस्थावाट वादीको फिराद पर्न आएको अवस्थामा प्रतिवादीले आफ्नो नाममा रहेको जग्गा दिन नसक्ने माथि

उल्लिखित कुनै अवस्था देखिएको छैन । वादीसँग केही जग्गा बिक्री गर्ने गरी करारनामा गरी बैनाबट्टाको कागज लेखिदिएको र वादी सो करारनामाबमोजिमको दावी लिई अदालतमा मुद्दा दायर भएपछि उल्लिखित जग्गाहरू मिति २०५१।८।१५ मा एकाघरकी श्रीमतीलाई हा.व.को बकसपत्रबाट राजीनामा गरी दिएको देखिन्छ । प्राकृतिक, कानूनी कारणले, करार गर्ने पक्षहरूको काबुबाहिरको परिस्थतिबाट करारको सर्त पूरा हुन नसक्ने भएको अवस्थामा Frustration को सिद्धान्त लागू हुन्छ । प्रस्तुत मुद्दाको प्रकृति हेर्दा करारीय दायित्व पूरा गर्नमा माथि उल्लिखित कुनै अवस्थाको विद्यमानता नभएबाट Doctrine of Frustration लागू हुने अवस्था देखिएन । पुनरावेदक प्रतिवादीको Specific Performance को सिद्धान्त लागू हुने नभई Frustration को सिद्धान्त आकृष्ट हुन्छ भन्ने जिकिरसँग सहमत हुन नसकिने ।

प्रस्तुत मुद्दाको करारको विषयवस्तु २०४९।६।९ को करारनामाबमोजिम मिति २०५१।४।१० मा आफ्नो नाममा कित्ताकाट भई कायम भएको कि.नं. १४०७, १४१२ र १४१३ को कित्ताहरूबाट वादीलाई १-८-० जग्गा दिन असम्भव नभएको मिसिल संलग्न प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा Frustration को सिद्धान्त आकर्षित हुने अवस्था नदेखिने ।

करारको यथावत् परिपालना गर्ने दायित्व प्रतिवादीसमेतको हुँदा Doctrine of specific Performance आकर्षित हुने देखिन आएकाले पुनरावेदक प्रतिवादी र वादीबीच मिति २०४९।६।९ को करारनामाबमोजिम का.जि.का.म.न.पा.वडा नं. १८(ग) को कि.नं.१३३४ को कित्ताबाट कित्ताकाट भई प्रतिवादीका नाममा कायम हुन आएको कित्ता नं.१४०७,१४१२ र १४१३ बाट वादीले १-८-० जग्गा राजीनामा गरी लिन पाउने देखिँदा वादी कर्मलक्ष्मी कंसाकार र प्रतिवादी प्रदिपराज पाण्डेबीच का.जि.का.म.न.पा.वडा नं.१८(ग) को कि.नं.१३३४ जग्गामध्येबाट कित्ताकाट भई आफ्नो नाममा आएपछि दिने गरी मिति २०४९।६।९ मा भएको करारनामाबमोजिम प्रतिवादीका नाममा मिति २०५१।४।१० मा कित्ताकाट भई कायम भएको का.जि.का.म.न.पा.वडा नं.१८ (ग) को कि.नं. १४०७, १४१२ र १४१३ बाट उल्लेखित करारनामाबमोजिम १-८-० जग्गा पुनरावेदक प्रतिवादीबाट राजीनामा पारित गरी लिन पाउने नै देखिन आएको हुँदा वादी दावी पुग्ने ठहरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६५।४।२० गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त
कम्प्युटर: गंगा के.सी.
इति संवत् २०७१ साल कात्तिक २५ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CR-०११४, किर्ते जालसाजी, *रमा पाण्डेसमेत वि. कर्मलक्ष्मी कंसाकार*
- ०६७-CI-०१४८, लिखत बदर, *रमा पाण्डेसमेत वि. कर्मलक्ष्मी कंसाकार*
- ०६७-CI-०१४९, करारबमोजिम गरिपाउँ, प्रदीपराज पाण्डे वि. पुष्पज्योति कंसाकार
- ०६७-CI-०१४६, लिखत बदर, रमा *पाण्डेसमेत वि. पुष्पज्योति कंसाकार*

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-१२८८, मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी, *लोकबहादुर कार्कीसमेत वि. नेपाल सरकार*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र २० को व्यवस्था, अन्तर्राष्ट्रिय कानूनको प्रावधान र अन्य मुलुकहरूको अभ्याससमेतको आधारमा हामीकहाँसमेत अपराध पीडितको क्षतिपूर्तिको हक बाँच्न पाउने हकको अभिन्न अंश (integral part) को रूपमा मान्नुपर्ने हुन्छ । यसरी क्षतिपूर्ति प्राप्त गर्नु अपराध पीडितको मौलिक हक हो । यस हकलाई व्यावहारिक, वास्तविक र पूर्णरूपमा कार्यान्वयन गरी पीडितलाई न्याय प्रदान गर्नु अदालतको दायित्व हो भने समग्र राज्यको कर्तव्य पनि हुने ।

राज्यमा बसोबास गर्ने सम्पूर्ण व्यक्तिहरूलाई

संरक्षण र सुरक्षा दिनु राज्यको कर्तव्य हो । राज्यले उपयुक्त सुरक्षा दिन नसकेका अवस्थामा सो राज्यमा बस्ने व्यक्तिहरू अपराधबाट पीडित हुन पुग्दछन् । न्यायको पहुँचबाट बञ्चित हुन पुग्छन् । न्याय प्रणालीप्रति नै अविश्वास सिर्जना हुन जान्छ । कुनै व्यक्ति अपराध पीडित हुनुमा राज्यको सुरक्षा संयन्त्रको समेत कमजोरी र दोष रहेको मान्नु पर्दछ । सो कारणले अपराध पीडितलाई क्षतिपूर्ति दिनु राज्यको समेत दायित्व हो । उक्त व्यवस्थाअनुसार पीडितले तत्काल क्षतिपूर्ति पाउनुपर्ने हुन्छ । पीडकको क्षतिपूर्ति तिर्ने आर्थिक हैसियत नभएको, पीडक पहिचान हुन नसकेको वा पीडक फरार रहेको अवस्थामा नागरिकको संरक्षकको हैसियतले अपराध पीडितलाई उक्त क्षतिपूर्ति प्रदान गर्ने कर्तव्य राज्यको हुन आउने ।

जबर्जस्ती करणी, मानव बेचबिखन र ओसारपसार जस्ता मुद्दा लामो समयसम्म चलिरहने र अन्तिम निर्क्यौल हुन समय लाग्ने हुँदा मुद्दा अन्तिम किनारा हुँदासम्म परिस्थितिमा व्यापक परिवर्तन भई पीडितहरू क्षतिपूर्ति पाउन नसकी पलायन भएकोसमेत देखिन्छ । अपराध त अपराध नै हो, पीडितले जसरी पनि क्षतिपूर्ति पाउनै पर्दछ । पीडितशास्त्र (Victimology) अनुसार अपराध गर्ने व्यक्तिको पहिचान भएको होस् वा नहोस्, अपराधको अभियोजन होस् वा नहोस् अपराधबाट पीडितले जीवन निर्वाहका लागि क्षतिपूर्ति पाउनुपर्ने, सो क्षतिपूर्ति यथेष्ट (adequate) हुनुपर्ने र निजको पुनस्थापन (rehabilitation) तत्काल हुनुपर्ने एवम् त्यस्तो क्षतिपूर्ति र पुनर्स्थापन राज्यले नै गर्नुपर्ने हुन्छ । तसर्थ महिला हिंसा, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसारजस्ता मुद्दामा पीडितले भोगेको पीडास्वरूप पाउने क्षति नागरिकको अभिभावक र संरक्षक भएका हैसियतले राज्य स्वयम्ले तत्काल उपलब्ध गराउनु राज्यको दायित्वभित्र पर्दछ । त्यस्तो रकम राज्यले पीडकबाट असुलउपर गर्ने सम्बन्धमा उपयुक्त कानूनी व्यवस्था गर्नसक्ने नै हुन्छ । पीडकबाट क्षतिपूर्ति भराउन नसकिएको भन्ने कारणले मात्र पीडितलाई क्षतिपूर्ति पाउने हकबाट बञ्चित गर्ने गरी प्रणालीले थप पीडितलाई पीडा दिन मिल्नेसमेत हुँदैन । तसर्थ यस अदालतबाट विपक्षी झिकाउने आदेशमा लिइएको आधारसँग सहमत हुन नसकिने ।

उल्लिखित व्यवस्था, सिद्धान्त, तथ्य, प्रमाण एवम् विवेचनासमेतका आधारमा प्रतिवादीमध्येका लोकबहादुर सार्कीले नाबालिग पीडितलाई विवाहको बहाना गरी आफूसँग परिचित प्रतिवादी लक्ष्मीमाया वि.क. समेतको सहयोग लिई बालविवाह, जबर्जस्ती करणी तथा निजलाई बिक्री गर्ने उद्देश्यले ओसारपसार गरेको भन्ने अपराध पुष्टि हुन आएकाले प्रतिवादीहरू लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क.लाई मानव बेचिवखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) देहाय (ङ) को खण्ड (२) बमोजिम १२ (बाह्र) वर्ष कैद र रू. १,००,०००।- (एक लाख) जरिवाना हुने र पीडितले पाउने क्षतिपूर्तिका हकमा प्रतिवादी लोकबहादुर सार्की र लक्ष्मीमाया वि.क.बाट ऐ. ऐनको दफा १७ बमोजिम जनही रू. ५०,०००।- (पचास हजार) र मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादी लोकबहादुर सार्कीबाट रू. २५,०००।- (पच्चीस हजार) थप गरी जम्मा रू. १,२५,०००।- (एकलाख पच्चीस हजार रूपैयाँ) क्षतिपूर्ति भराई दिने ठहर भई पुनरावेदन अदालत, इलामबाट मिति २०६७।०६।०६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत**:** रमेश रिजाल, अर्जुनप्रसाद कोइराला

कम्प्युटर अपरेटर**:** पद्मा आचार्य

इति संवत् २०७१ साल माघ १९ गते रोज २ शुभम् ।

**इजलास नं. ४**

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-००८१, प्रतिषेध/परमादेश, *चन्द्रकान्त भट्टराईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

मुलुकको विकास निर्माण गरी सर्वसाधारण जनतालाई सर्वसुलभ र गुणस्तरीय सेवा उपलब्ध गराउनु हरेक सरकारको प्रमुख कर्तव्य र दायित्व हो । यो कर्तव्य र दायित्वबाट राज्यले पन्छिन मिल्दैन र राज्यले यी कार्यहरू गर्दैन भनी पूर्वअनुमान गर्न पनि सिद्धान्तत: नमिल्ने ।

कुनै खास परियोजना कुनै खास कम्पनीले सञ्चालन गर्न पाउने वा नपाउने भन्ने सम्बन्धमा टुङ्गो नलागिसकेका अवस्थामा परियोजनाको निर्माण कार्यलाई रोक्ने उद्देश्यले सार्वजनिक सरोकारको विषय भनी अदालतमा प्रवेश गर्नु सार्वजनिक सरोकारको मर्म र भावनाको विपरीत हुनजान्छ । सर्वसाधारण विकाससम्बन्धी हकबाट समेत वञ्चित हुनु हुँदैन । प्रस्तुत रिट निवेदन पोखरा केबलकार निर्माण र सञ्चालकसँग सम्बन्धित रहेको छ । पर्यटकीय नगरी पोखरामा निर्माण र सञ्चालन हुने यस परियोजना समयमै निर्माण तथा सञ्चालन भएमा स्थानीय बासिन्दाको रोजगारीलगायत अन्य हितहरू पर्यटनको विकासमा पुग्नसक्ने मद्वतका साथै राजस्वमा पनि बृद्धि भई राष्ट्रलाई नै फाइदा हुनसक्छ । परियोजना कसरी कुन पद्धति (Model) मा सञ्चालन र कार्यान्वयन गर्ने भन्ने विषय कार्यकारिणीको विषय भएको हुँदा यसमा न्यायिक हस्तक्षेप हुन सक्दैन । तर कार्यकारिणीले गरेका निर्णयहरूले व्यक्ति समूह र साधारण जनताका हक अधिकार र सुविधाहरूमा आघात पुग्न गएको अवस्थामा भने अदालत मूकदर्शक बनिरहन पनि नमिल्ने ।

प्रस्तुत विवादमा विभिन्न संयुक्त उपक्रमहरूको मनसायपत्र र प्रस्ताव परेको र प्राविधिक प्रस्तावमा प्रतिस्पर्धा भई एकमात्र संयुक्त उपक्रम सफल भएका अवस्थामा आर्थिक प्रस्ताव खोलिनु र सम्झौता हुनुपूर्व नै अनुमानका भरमा सरकारले सर्वसाधारणका हकमा प्रतिकूल असर पार्छ भन्ने निहुँ गरी विभिन्न चरण पार गरिसकेको प्रक्रियालाई परास्त गरी पुन: परियोजना कार्यान्वयनको कार्यविधि प्रारम्भिक चरणबाट सुरू गर्दा विकास कार्यमा अत्यधिक बिलम्ब हुने देखिँदा पनि निवेदकहरू जनसाधारणको सरोकारको लागि आएका हुन् भनी सहमत हुन नसक्ने ।

पोखरा केवलकार परियोजना सञ्चालन गर्दा निवेदकहरूको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारमा आघात पुग्न गएको हो भनी खुलाउन नसकेको विपक्षीमध्येका मनकामना दर्शन प्रा.लि. ले पेस गरेको प्राविधिक प्रस्ताव छनौट भई आर्थिक प्रस्तावको मूल्याङ्कन हुन बाँकी नै रहेको रोयाल्टी र सेवा शुल्क वातावरणीय पक्षलगायतका विविध विषयहरूमा निर्णय हुन बाँकी रहेका अवस्थामा अनुमानका आधारमा रिट जारी गर्नु न्यायोचित हुने देखिन नआउने ।

रिट नं. ६९०-WO-१४३४ को रिटका निवेदक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि. समेत प्रतिस्पर्धाबाट बाहिरिएपश्चात् प्रस्तुत रिट निवेदन दायर हुन आएको निवेदकहरूमध्ये चन्द्रकान्त भट्टराईसमेतका तीनजना निवेदकहरूले प्रस्तुत निवेदन गलत उक्साहटका कारण दायर हुन आएको भनी निवेदन दिएको समेतका आधार कारणबाट प्रस्तुत रिट जारी हुने अवस्था देखिँदैन । तसर्थ निवेदन मागअनुरूपको आदेश जारी गर्न नमिल्ने भई प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल माघ ११ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-१४३४, प्रतिषेध/उत्प्रेषण/परमादेश, *काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.१, सुरक्षण भवन, भगवती बहाल, नक्सालमा कार्यालय भएको लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि.समेत वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेत*

तीनवटा प्रवर्द्धक कम्पनीहरूबाट प्रस्ताव माग भएकामा दुईवटा प्रवर्द्धक कम्पनीहरूबाट मात्र प्रस्ताव परी पहिले प्राविधिक प्रस्ताव खोली प्रतिस्पर्धा भई मूल्याङ्कन समितिबाट पेस भएका प्राविधिक प्रस्तावहरूको मूल्याङ्कन हुँदा निवेदक कम्पनी असफल हुनु जस्ता कार्यबाट परियोजना छनौट गर्दा प्रतिस्पर्धा गराइएन र प्रतिस्पर्धा भएन भन्न नसकिने ।

आर्थिक प्रस्ताव एउटा मात्र खोलिने भन्दैमा त्यो खोलिएको आर्थिक प्रस्ताव नेपाल सरकारले स्वीकार गर्नु नै पर्छ भन्ने होइन, अपितु सम्झौता हुँदा ऐनको दफा १४ ले खोलिनु पर्ने भनी उल्लेख गरेका कुराहरूमा सर्वसाधारणको हितमा नभए सरकारले सम्झौता गर्न इन्कार गर्न पनि सक्छ प्रतिस्पर्धा हुँदै अन्तमा एक जना रह्यो भन्दैमा उसले जे प्रस्ताव गर्छ त्यसलाई स्वीकार्न सरकार बाध्य हुन्छ भन्न नमिल्ने ।

पूर्वाधारको निर्माण के कसरी र कुन Model मा गर्ने हो भन्ने विषय कार्यपालिकाको क्षेत्राधिकारभित्र

पर्दछ । यी कार्यहरू कार्यपालिकाबाट निर्णय गरिने हुँदा साधारणतया अदालतले हस्तक्षेप गर्दैन । कार्यपालिकाबाट सञ्चालन हुने यी र यस्तै प्रकृतिका अन्य कार्यहरूबाट व्यक्ति वा जनसाधारणहरूलाई संविधान र कानूनद्वारा प्रदान गरिएका हक अधिकारहरूमा प्रतिकूल असर पर्न गएका अवस्थामा रीतपूर्वक विवाद अदालतमा प्रवेशको अवस्थामा अदालत मुकदर्शक रहिरहन पनि नसक्ने ।

निवेदकले आफ्नो प्रस्ताव असफल भएको जानकारी मन्त्रालयद्वारा लेखिएका पत्र तथा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाबाट समेत प्राप्त गरिसकेको, प्रतिस्पर्धा कै आधारमा निवेदक परियोजना निर्माण तथा सञ्चालनमा असफल भएको तथा परियोजना सञ्चालन भएका अवस्थामा राज्यले पाउने रोयाल्टी र जनताबाट कम्पनीले लिने सेवा शुल्कका सम्बन्धमा सरकारले निर्णय लिन बाँकी नै रहेको हुँदा र सरकारले सर्वसाधारणलाई प्रतिकूल असर पर्ने गरी सम्झौता गर्छ भनी अनुमान गर्नुपर्ने कुनै तथ्यपरक आधार नदेखिएको यस अवस्थामा निवेदन मागअनुरूपको रिट आदेश जारी गर्न मिलेन प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल माघ ११ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६५-CI-०३७९, स्ववासी घरजग्गा दर्ता, *जगतबहादुर तामाङ भन्ने जगतबहादुर गुरूङ वि. मालपोत कार्यालय, बेशीसहर लमजुङ*

जग्गाको दर्ता गर्ने, स्रेस्ता खडा गर्ने कानूनी अधिकार तथा कर्तव्य भएका विपक्षी मालपोत कार्यालयले आफ्नो कार्यालयबाट भएको एउटै कित्ता जग्गाको फिल्डबुकमा साविक र हालमा फरकफरक व्यहोरा जनाई आफ्नो कानूनी कर्तव्य र दायित्वमा आफैँ प्रश्न खडा गरी पहिलेको सँगै भएको निर्णयमा उल्लिखित कि.नं. १४४ को जग्गा धनबहादुरको नाममा जग्गा दर्ता गरी प्रमाण पूर्जा दिइसकेको स्वीकार गरी सोही निर्णयबाट पुनरावेदकको कायम भएको जग्गा दर्ता गर्न आफ्नै कार्यालयमा रहेको पुनरावेदन संलग्न मिति २०४२।१।५ को निर्णय पुनरावेदकले पेस गर्न नसकेको भन्नेजस्ता बुँदा उल्लेख गरी अस्वीकार गरेको मालपोत कार्यालय, लमजुङको मिति २०६२।९।१५ को निर्णय तथ्यमा आधारित र वस्तुगत हुन नसकी आत्मगतरूपमा भएको देखिन आई न्यायोचित रहेकोसमेत मान्न नमिल्ने ।

जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ६(५) बमोजिम नापी गोश्वाराले कानूनबमोजिम बुझ्नुपर्ने प्रमाण बुझी तोकिएको समितिमा पेस गरी दर्ता गर्न सिफारिस/निर्णय गरेको कुरालाई मालपोत कार्यालयले पुनः छानबिन गरी मालपोत ऐन, २०३४ को दफा ७(१) अनुसार तोकिएको समितिमा राखी नापी गोश्वाराको निर्णय परिवर्तन गर्न पाउने अधिकार मालपोत कार्यालयलाई मालपोत ऐनको उक्त दफाले कानूनी अधिकार दिएको देखिँदैन । मालपोत कार्यालयले पछिल्लो निर्णय गर्दा कानूनको अख्तियारी देखाई मिति २०४२।१।५ मा ६ नं. नापी गोश्वारा लमजुङबाट भएको निर्णयलाई बदर गर्न सकेको पनि पाइँदैन । यसबाट पनि मालपोत कार्यालय, लमजुङले मिति २०६२।९।१५ मा गरेको निर्णय कानूनको अख्तियारीभित्र रही भए गरेको देखिन नआउने ।

कानूनले नै जग्गा दर्ता गर्ने स्पष्ट समयावधिको व्यवस्था नगरेको र सुरू मालपोत कार्यालयसमेतले जग्गा दर्ता गर्ने कानूनी म्याद हदम्यादका सम्बन्धमा प्रश्न नउठाई नयाँ प्रमाण सिर्जना गरी तथ्यमा आधारित भई निर्णय गरेको अवस्थामा अदालत स्वयम्ले नयाँ तर्क गरी विपक्षी मालपोत कार्यालय स्वयम्मा रहेको मिति २०४२।१।५ को निर्णयको प्रति पुनरावेदकले निवेदन संलग्न गर्न नसकेको भन्ने र कार्यालयमा रहने नागरिकको फिल्डबुक जस्तो जग्गाको भोगको प्रमाणपत्रमा उल्लिखित महलहरूका विवरणमा २०४२ सालमा जनिएको व्यहोरालाई फरक पारी खाली देखाई समानस्तरको सिफारिस समिति एवम् निर्णयकर्ताले गरेको निर्णयलाई समानस्तरको तहबाट परिवर्तन गरी दर्ता गर्न नमिल्ने भनी मालपोत कार्यालयले मिति २०६२।९।१५ मा गरेको निर्णय कानून र न्यायको कसीमा उपयुक्त र मनासिब रहेको नहुँदा सुरू मालपोत कार्यालय लमजुङको निर्णय सदर हुने ठहरी

पुनरावेदन अदालत, पोखराबाट मिति २०६३।३।३२ मा भएको फैसला उल्टी भई दावीको जग्गा पुनरावेदक जगतबहादुर गुरूङका नाममा दर्ता हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

इति संवत् २०७१ साल चैत १ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WS-००३८, उत्प्रेषण, *सरोज अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कानूनको व्याख्या गरिँदा कानूनको प्रयोग हुनसक्ने गरी गरिनुपर्ने हुन्छ। फगत व्याख्याको अलङ्कारिकताबाट कानूनले सजीवता प्राप्त गर्दैन। अपितु यसले झन् कानूनको प्रयोगलाई जटिल बनाउन पुग्छ। कानूनको सार्थक प्रयोग र व्यावहारिकतामा परिणत भएमा यसले सजिवता प्राप्त गर्दछ। कानून उपयोग हुनै नसक्ने गरी व्याख्या गरिनु विधिकर्ताको सोचलाई परास्त गर्ने हुँदा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी नियमावली, २०६४ को नियम ७, ९, १०, १२, १३, १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३ र २४ समेत ऐनसँग बाझिएको देखिन नआउने।

ऐनको परिच्छेद-२ मा वर्णित विभिन्न चरणका कार्यहरू सबै मन्त्रिपरिषद्को बैठकबाट नै हुन व्यावहारिक र सम्भव पनि नभएको यस अवस्थामा विधिकर्ताले नै ऐनको परिच्छेद-२ को शीर्षक व्यहोरामा नै परियोजनाको कार्यान्वयनसम्बन्धी व्यवस्था भनी उल्लेख भएको र ऐनकै दफा २(थ) ले परियोजना कार्यान्वयन गर्ने नेपाल सरकारको सम्बन्धित मन्त्रालय भनी उल्लेख गरेपछि परिच्छेद-२ मा उल्लेख गरेको दफा ४ देखि १२ सम्मका परियोजना कार्यन्वयनसम्बन्धी काम सम्बन्धित मन्त्रालयले गर्ने भनी तोकी व्यवस्था भइरहेको र सोहीअनुरूप नियम ३ देखि २४ सम्म र ३३ का नियमहरू भएको देखिँदा उक्त नियमहरू ऐनसँग बाझिएको भन्न नमिल्ने।

ऐनसँग नियमहरू बाझिएको भन्ने आधारबाट नै निवेदकले केवलकार परियोजना कार्यान्वयनसम्बन्धी प्रकाशित मनसाय पत्र आह्वानको सूचनादेखि मिति २०७०।३।७ को प्राविधिक प्रस्ताव छनोट गर्ने निर्णय र गोरखापत्रमा मिति २०७०।३।१२ मा प्रकाशित सूचनासम्मका कार्यहरूसमेत उत्प्रेषणको आदेशबाट बदरको माग गरेको देखिन्छ। दावी लिएका नियमहरू बदर नभएको स्थितिमा निवेदकले बदर गर्न माग गरेको परियोजनासँग सम्बन्धित सूचना छनौटका निर्णयहरू बदर हुने अवस्था रहेको नदेखिने।

परियोजना निर्माणसम्बन्धी कामकारवाहीहरू ऐनसम्मत् तवरले निर्माण भएको नियमावलीबमोजिम भए गरेको अवस्थामा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु नपर्ने हुँदा रिट खारेज हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल माघ ११ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०३२५, नकबजनी चोरी, *नेपाल सरकार वि. कुमार राईसमेत*

चोरीको महलको २४ नं. बमोजिम प्रतिवादीलाई सजाय गर्न त्यस्तो सामान निजले खरिद गरेको भन्ने कुरा प्रमाणबाट स्थापित हुन सक्नुपर्छ। जाहेरीमा प्रतिवादले खरिद गरेको भनी स्पष्ट भन्न नसकेको, प्रतिवादीले मौकामा अधिकारीसमक्ष र अदालतमा समेत आफूले चोरी गरेको इन्कार रही बयान गरेको अवस्थामा निजले प्रतिवादीबाट खरिद गरेको हुँ भनेको र मूर्तिको काम गर्ने व्यक्तिले मर्मत गर्नका लागि लिएको विश्वास योग्य नहुने तर्कका अधारमा ठोस सबुद प्रमाणको अभावमा चोरीको भन्ने जानीजानी खरिद गरेको भनी अनुमान गरी सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तसमेतको विपरीत हुन जाने हुँदा र चोरीको वारदात भएको अवस्थामा यी प्रतिवादीको संलग्नता कहीँ कतैबाट पुष्टि हुन नसकेकाले सुरूले यी प्रतिवादीलाई सफाइ दिनेगरी गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसलालाई बेमनासिब भन्न नमिल्ने।

प्रतिवादीहरूउपर ४,१३,८००।– बराबरको धनमाल चोरी भएको व्यहोरा खुलाई किटानी जाहेरी

दिएकामा पक्राउ परेका यी प्रतिवादीहरूबाट रू. ३०,२००।– बिगो बराबरको मोबाइल मात्र बरामद भएको देखिन्छ। वादी पक्षले प्रतिवादीहरूबाट बरामद भएको बिगो रू. ३०,२००।– भन्दा बढी धनमाल चोरी भएको देखिने जाहेरी दरखास्त बाहेक अन्य प्रमाण पेस गर्न सकेको देखिँदैन। प्रतिवादीले कसुर स्वीकार गरी जाहेरीमा उल्लेखित सम्पूर्ण बिगोको धनमाल चोरी गरेकामा इन्कार रहेकामा तथ्य एवम् प्रमाणहरूको अभावमा बरामद बिगो बाहेकको माग दावीमा जाहेरी मात्रले प्रतिवादीबाट बरामद हुन नसकेको बिगो कायम गर्न नसकिने ।

सुरूले चोरीको बिगो रू.३०,२००।– कायम गरी प्रतिवादी शिवराम लाबाजु बाहेक अन्य प्रतिवादीलाई जनही कैद १ महिना १५ दिन र जनही रू.४५,३००।– जरिवाना र प्रतिवादी शिवराम लाबाजुले अभियोग दावीबाट सफाइ पाउने ठहर्‍याई गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस ३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CR-०५६८, ०६०४, ०९१९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विष्णु यादवसमेत, सुरेन्द्र केवट वि. नेपाल सरकार, रामपत यादव वि. नेपाल सरकार*

फौजदारी मुद्दामा चश्मदिद गवाहले वारदातका बारेमा मौकामा र अदालतमा बकपत्र गरी समर्थन गरेको एवम् त्यस्तो भनाइलाई वारदातको प्रकृति र घटनाक्रम र अन्य प्रमाणबाट समर्थित भइरहेको यस अवस्थामा चश्मदिद व्यक्तिहरूको भनाइ कसुर निश्चित गर्ने प्रत्यक्ष र निर्णायक प्रमाण भएको र प्रतिवादीहरूको इन्कारी अन्य प्रमाणबाट समर्थन हुन नसकेको साथै मुख्य प्रतिवादीहरूले आपसमा पोलसमेत गरेका अवस्थामा पुनरावेदक प्रतिवादीहरूले सजायबाट छुट पाउन सक्ने अवस्था नहुँदा प्रतिवादी सुरेन्द्र केवट र रामपत यादवको पुनरावेदन जिकिरसित सहमत हुन नसकिने।

प्रतिवादीहरू कसुरमा इन्कार रही बयान गरेको देखिए तापनि वारदातस्थलमा उपस्थित भएको कुरा प्रतिवादी सुरेन्द्र केवट र रामपत यादवको बयानबाट पुष्टि भएको साथै बारदातमा यी प्रतिवादीहरू Principal offender नभई secondary offender को रूपमा रहेका र बाटोमा कोही व्यक्ति आउँछ कि भनी कुर्न मुख्य प्रतिवादीहरूले बाटोमा पठाएकोसम्म देखिँदा यी प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(२) अनुसार पाँच वर्ष मात्र कैद सजाय गरेको फैसला सदर गर्ने गरेको पुनरावेदनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अभियोगमा दावी लिएको नगद तथा मोबाइललगायत कुनै पनि चिजवस्तु फेला परेको भन्ने नदेखिएको र अन्य परिस्थतिजन्य प्रमाणबाट समेत डाँकाको वारदात पुष्टि हुने तथ्य खुल्न नसकेबाट वादी दावीबमोजिम प्रतिवादीहरूले डाँका गरेको भनी डाँकाको कसुर कायम गर्न सकिने आधार नदेखिँदा सुरू रूपन्देही जिल्ला अदालतबाट सुरेन्द्र केवट र रामपत यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(४) बमोजिम जन्म कैद र अन्य प्रतिवादीहरू विष्णु यादव, मोहन मल्लाह, किशोरी लोहार, शिवधर चौहानलाई उक्त ऐनको १७ (२) अनुसार कैद वर्ष ५ र सबै प्रतिवादीहरूले डाँका गरेको भन्ने अभियोगबाट सफाइ दिने गरी भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस २ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-CI-१०२२, मोही लगत कट्टा, *सोनाई मण्डल वि. किशोरकुमार मण्डल*

साविकमा वादी गोसाई मण्डलको नाममा तयार भएको जग्गाधनी प्रमाण पूर्जामा मोही बैर्सु मण्डल उल्लेख भएको र निजको छोरा प्रतिवादी सोनाई मण्डलको नाम फिल्डबुकको मोही महलमा उल्लेख भएको देखिन्छ। प्रत्यर्थी वादीको नाममा हक कायम हुनु

अगावै जग्गाधनी प्रमाण पूर्जा लगायतको मोठ स्रेस्तामा यी प्रतिवादीको नाम मोहीको महलमा उल्लेख भएको अवस्थामा हाल आएर १ नं. लगत, २ नं. अनुसूची नभएको भन्ने आधारमा मोहीको लगत कट्टा भएको देखिन्छ भने वादी पक्षबाट यस अदालतमा पेस भएको २ नं. अस्थायी निस्सा, ४ नं. बमोजिमको जोताहा निस्सासमेतका अनुसूचीबमोजिमका प्रमाण कागजहरू पेस हुन आएका प्रमाणहरूलाई अन्यथा गर्न पनि नमिल्ने।

प्रतिवादीका बाबु बैर्सु मण्डलले पनि दावीको जग्गाका सम्बन्धमा १ नं. फाराम भरी २ नं. अनुसूची प्रकाशित गराई अनुसूची ४ नं. बमोजिमको जोताहाको अस्थायी निस्सा प्राप्त गरिरहेको अवस्थामा उक्त जग्गाका जोताहाको अस्थायी निस्सा प्राप्त गर्ने व्यक्तिका छोरा यी प्रतिवादी सरोकारवाला देखिएकामा वादीबाट पेस भएका प्रमाणहरूका सम्बन्धमा यी प्रतिवादीले आफ्नो कुरा भन्न र वादीबाट पेस भएका प्रमाणहरू तर्फ अ.बं.७८ नं. बमोजिम बयान गराउने काम गरी निर्णय गर्नुपर्नेमा सो गरेको देखिन नआउने।

एक पटक मोही भइसकेपछि कानूनबमोजिम निष्काशन नभएसम्म मोहीको मोहियानी हक सुरक्षित नै रहने कुरा हो। यी प्रतिवादीका बाबु बैर्सु मण्डलले दावीको साविक कि. नं. ११९ को जग्गाको १ नम्बर अनुसूची भरी २ नम्बर अनुसूची प्रकाशित भई ४ नं. बमोजिमको जोताहाको अस्थायी निस्सासमेत प्राप्त गरेको र सर्वे नापीको समयमा मोही महलमा बैर्सु मण्डल उल्लेख भएकामा बाबु बैर्सुको मृत्युपछि निजका छोरा यी प्रतिवादीले कानूनबमोजिम मोही नामसारी गराई लिन पाउनेमा त्यसतर्फ समेतको प्रमाण बुझी फैसला गर्नुपर्नेमा सोतर्फसमेत प्रमाण बुझेको नदेखिएको अवस्थामा पुनरावेदन अदालतको फैसलामा मुलुकी ऐन अ.बं. ७८ नं. तथा प्रमाण ऐन, २०३१ को दफा ५४ समेतको प्रत्यक्ष कानूनी त्रूटि भएकाले पुनरावेदन अदालत, राजविराजको २०६६।२।११ को फैसला बदर हुने।

विवादित जग्गाको वादीप्रतिवादीबाट पेस भएका प्रमाणहरू बुझी वादीबाट पेस भएका प्रमाणसमेत प्रतिवादीलाई देखाई सुनाई त्यसतर्फको बयान गराउनुपर्ने भए गराई अन्य जो जे प्रमाण बुझ्नुपर्छ बुझी कानूनबमोजिम पुन: फैसला गर्नु भनी तारिखमा रहेका पक्षहरूलाई तारिख तोकी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल पुनरावेदन अदालत, राजविराजमा पठाइदिने।

इजलास अधिकृत : उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस ४ गते रोज ६ शुभम्।

- यसै प्रकृतिको ०६८-CI-१०२३, मोही लगत कट्टा, *सोनाई मण्डल वि. रामनाथ मण्डल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०३६९, लागुऔषध खैरो हेरोइन, *दीपेन्द्रकुमार सिंह वि. नेपाल सरकार*

लागुऔषध जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा लागुऔषध ठहर गर्ने वा सफाइ दिने भन्ने विषयमा अदालतले प्रमाणको विश्लेषण गर्दा अत्यन्त सन्तुलित तरिकाले गर्नुपर्ने । धेरैजना प्रतिवादीको संलग्नता र योजनाबद्ध ढङ्गले लागुऔषधको कारोबार गरेको देखिन आएको र आफ्नो साथबाट बरामद भएको लागुऔषध अन्यथा हो भन्ने कुराको प्रमाणसमेत लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले यी प्रतिवादीले नै पुर्‍याउनुपर्ने देखिन्छ। आफूसँग बरामद भएको सामान लागुऔषध हेरोइन होइन भनी जिकिरसम्म लिन सकेको नदेखिँदा यी प्रतिवादी दीपेन्द्रकुमार सिंहले आरोपित कसुर गरेको पुष्टि हुन आउने।

प्रतिवादी दीपेन्द्रकुमार सिंहलाई लागुऔषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को देहाय (घ)(ङ)(च) बमोजिमको कसुरमा ऐजन ऐनको दफा १४(१) ६(२) बमोजिम १० वर्ष कैद र रू.१,००,०००।– जरिवाना हुने ठहर गरेको सुरू फैसलालाई सदर गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद वस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल मङ्सिर १७ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०३८६, जालसाज, *रामस्वरूप मोची वि. रामकुमारी मोचीसमेत*

जिल्ला प्रशासन कार्यालय, सिराहाबाट जारी भएको ना.प्र.नं. १५१००७/२२ को नागरिकताको प्रमाणपत्रमा रामकुमारी मोचीको पतिको नाम थर रामप्रसाद मोची भन्ने उल्लेख गरेको पाइन्छ । मिसिल संलग्न ब्रम्हान गोर्छारी गा.वि.स. वडा नं. ७ को रामकुमारी मोची चमारको मतदाता नामावली हेर्दा मतदाताको पतिको नामको महलमा रामप्रसाद मोची चमार भन्ने उल्लेख गरेको देखिन्छ । निर्वाचन आयोगबाट तयार भएको मतदाता नामावलीबाट समेत प्रत्यर्थी प्रतिवादी रामकुमारी मोची यी पुनरावेदक वादी रामस्वरूप मोचीको भाइ रामप्रसाद मोचीको पत्नी हुन् भन्ने तथ्य समर्थित भएको देखिँदा रामप्रसाद मोचीको पत्नी भन्ने व्यहोरा उल्लेख गरी रामकुमारी मोचीले नागरिकता प्राप्त गर्ने कार्य र सो नागरिकता प्राप्त गर्ने प्रयोजनको लागि गरिएको सर्जमिन तथा सिफारिसलाई जालसाजीको संज्ञा दिन मिल्ने नदेखिने ।

वादी रामकुमारी मोचीसमेत प्रतिवादी रामस्वरूप मोची भई सिराहा जिल्ला अदालतमा चलेको २०५७ सालको सा.दे.नं. २१५७/६७७ को अंश दर्ता मुद्दामा प्रस्तुत मुद्दाका प्रतिवादी रामकुमारी मोचीलाई यी पुनरावेदक वादीले आफ्नो भाइ रामप्रसाद मोचीको श्रीमती स्वीकार गरी अंश दिन मन्जुर भएको व्यहोरा प्रतिउत्तर पत्रमा उल्लेख गरेको र उक्त अंश मुद्दा मिति २०५७।८।८ मा फैसला भई अंशको सम्पत्ति दाखिल खारेजसमेत भइसकेपश्चात् प्रतिवादी रामकुमारी मोची मेरो भाइको पत्नी होइन जालसाजी गरी नागरिकता लिएको हो भनी यी पुनरावेदक वादी रामस्वरूप मोचीले दावी लिएको देखिँदा वादी दावी पुग्न नसक्ने र वादीलाई दण्ड सजायको १८ नं. बमोजिम रू.१००।– जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत राजविराजको मिति २०६७।१२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटर: सञ्जय घिमिरे
इति संवत् २०७१ साल मङ्सिर ७ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०५८७, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. हृदयराम यादवसमेत*

प्रस्तुत मुद्दाको वारदात रातको समयमा भएको भन्ने देखिन्छ । सो वारदातमा पीडित योगेन्द्र प्रसाद चौधरीलाई कुटपिटसम्म गरेको र सो कुटपिटबाट नाडी तथा पञ्जामा चोट लागेको भन्ने देखिए पनि सो कुटपिट ज्यान मार्ने मनसायले गरिएको हो भन्ने अभियोग दावी मिसिल संलग्न सबुद प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा अभियोग माग दावीबमोजिम ज्यान मार्ने उद्योगमा सजाय हुनुपर्ने भन्ने वादी पक्षको पुनरावेदन जिकिर पुग्नसक्ने नदेखिने ।

प्रस्तुत मुद्दाको वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. अन्तर्गतको नभई कुटपिटको प्रकृतिको देखिएकाले सुरू रूपन्देही जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरूले अभियोग दावीबाट सफाइ पाउने तथा सरोकारवाला पीडित योगेन्द्रप्रसाद चौधरीलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी कुटपिट मुद्दामा कारवाही गर्न मिसिल रूपन्देही जिल्ला अदालतमा पठाइदिने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।१२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटर: सञ्जय घिमिरे
इति संवत् २०७१ साल मङ्सिर ७ गते रोज १ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०८०१, नामसारी, *विनोदकुमार श्रेष्ठ वि. सरस्वती माया गणेजु*

तुल्सीमाया मैसजुको मृत्युपश्चात् निजको जग्गाहरूमा ३ जनाले आआफ्नो हक देखाई निवेदन गरेको प्रस्तुत मुद्दामा समेत तेरोमेरोको विवाद खडा भएको देखिएको हुँदा हक कायम गराई ल्याउन जिल्ला अदालतमा जानु भनी सुनाइदिने गरी पुनरावेदन

अदालत, पाटनबाट भएको मिति २०६८।१०।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल चैत ५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०७९९, जग्गा दर्ता नामसारी निर्णय बदर, *चमेली शाक्य वि. कृष्ण शाक्य*

विवादित जग्गाहरूमा दुई जनाले आआफ्नो हक देखाई निवेदन गरेको प्रस्तुत मुद्दामा तेरोमेरोको विवाद देखिएको कारण हक कायम गराई ल्याउने जिल्ला अदालतमा जानु भनी सुनाइदिने पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६९।१।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल चैत ५ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-१०१४, कुटपिट, *गुरूदीन कुर्मी वि. परमेश्वर कुर्मी*

वादीका साक्षीले बकपत्र गर्दा वादीको कथन समर्थन गरी प्रतिवादीहरूले वादीलाई कुटपिट गरेका हुन् भनी लेखाइदिएको समेतका तथ्य प्रमाणबाट पुनरावेदक प्रतिवादीसमेत भई वादीलाई कुटपिट गरेको स्थापित भइरहेको देखिन्छ । यस स्थितिमा प्रतिवादीले आफू अन्यत्र रहेको जिकिर लिए तापनि सोलाई तथ्यपूर्णरूपमा स्थापित गर्न नसकेको अवस्था हुँदा यी पुनरावेदकसमेतले कुटपिट गरेको ठहर्‍याई जरिवाना र कैद गर्ने गरी पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६८।३।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

इति संवत् २०७१ साल चैत ५ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** २०७०-CI-००५१, अंश, *मायाकुमारी गुरूङ वि. जसबहादुर गुरूङसमेत*

कि.नं. २८८७, २८८८, १३ र १५ का जग्गाहरू वादी प्रतिवादीहरू एकासगोलमा रही बसी प्रमाण ऐन, २०३१ को दफा ६(क) मा अन्यथा प्रमाणित नभएसम्म एकाघरसँगका अंशिसयारहरू मध्ये जुनसुकै अंसियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नेछ भन्ने घर परिवारको रेखदेख र संरक्षण बाबुआमाले नै गरिआएको अवस्था सगोलको छोराका नाममा खरिद भएको अचल सम्पत्तिमा बाबुआमाको अंशहक रहँदैन भन्न नमिल्ने र विवादरहित ठोस प्रमाणको अभावमा सो जग्गाको खरिदको स्रोत आफ्ना पतिले भारतीय सेनामा कार्यरत रही आर्जन गरेको रकम थियो भन्ने वादी दावी र पुनरावेदन जिकिरको आधारमा मात्र उक्त जग्गा वादीका पतिको निजी आर्जनको हो भनी अदालतले अनुमान गर्न मिल्ने नदेखिने ।

प्रमाण ऐन, २०३१ को दफा २६ बमोजिम देवानी मुद्दामा आफ्नो दावी प्रमाणित गर्ने भार वादीको हुन्छ । अन्यथा प्रमाणित नभएसम्म एकासगोलमा रहेकै अवस्थामा खरिद गरेको सम्पत्ति सगोलका अंसियारमध्ये जसका नाममा रहेको भए पनि त्यसमा उसका अन्य समान अंसियारको अंशहक निहित रहँदैन भन्न कानूनत: मिल्दैन । बाबु आमाको आर्जनको सम्पत्तिमा निजका सन्तानले पैतृक सम्पत्तिको रूपमा अंशहक सहजै प्राप्त गर्ने तर सगोलमा रहँदाको अवस्थामा अंसियार छोराले नोकरी गरी कमाई ल्याएको रकम समेतबाट खरिद भएको भनिएको सम्पत्तिमा सगोलका बाबुआमालाई अंश हकबाट बन्चित गरिंदै जाने हो भने हरेक बृद्धबृद्धा बाबु आमाले सम्पत्तिबिहीन भई अन्ततः दुःख पाउने अवस्था सिर्जना हुने हुँदा त्यस्तो भनाइलाई कानूनले कहिल्यै आत्मसात गर्दैन । जग्गा खरिद गरी लिँदाको अवस्थामा जग्गा खरिद गर्ने व्यक्ति अन्य अंसियारसँग कानूनतः अंश भिन्न भई वा मानो छुट्टिई बसेको अवस्था रहेको भएमात्र निजको शेषपछि पत्नीका नाममा दा.खा. नामसारी भई आएको जग्गामा लोग्नेका पुस्ताका अन्य अंसियारको अंश हक नरहने र निज पतिको अपुताली पत्नीले पाउने भन्नसम्म मिल्ने ।

स्व. पतिका सगोलका अंसियार बाबु आमाको

ईच्छा र मन्जुरीबिना नै आफ्ना नाममा दा.खा. नामसारी भई आएको उक्त जग्गा पतिको निजी आर्जनको भई निजको शेषपछि अपुतालीबाट आफूलाई प्राप्त भएकाले अन्य अंसियारबीच बन्डा नलाग्ने भन्ने वादीको पुनरावेदन जिकिर कानूनसम्मत देखिन नआउने।

एकासगोलमा रहँदाकै अवस्थामा यी पुनरावेदक वादीका आफ्ना पतिका नाममा राजीनामाबाट खरीद भई आएका कित्ता नं. २८८७, २८८८, १३ र १५ समेतका जग्गाहरू सगोलकै अवस्थामा पतिको मृत्युपश्चात् पत्नीका हैसियतले निजका नाममा दा.खा. नामसारी भइसकेको र सो सम्पति पतिको निजी आर्जनको हुँदा अन्य अंसियारबीच बन्डा लाग्न नपर्ने भन्ने कोरा दावी र पुनरावेदन जिकिरका आधारमा सो सम्पत्तिमा वादीका पतिका सगोलका अंसियार प्रतिवादीहरूको अंशहक नरहने र सो जग्गामा यी पुनरावेदक वादीको मात्र अंशहक रहने भनी अर्थ गर्न प्रचलित कानून र प्रमाण ऐन, २०३१ को दफा ६(क) समेत विपरीत हुने हुँदा तायदाती फाँटवारीमा उल्लेखित कित्ता जग्गामध्ये कि.नं. ६०५ को जग्गा वादीका पतिले बकसपत्रबाट प्राप्त गरेकाले निजी आर्जनको भई बन्डा नलाग्ने र सो बाहेक अन्य सम्पूर्ण सम्पत्तिबाट ३ भागको १ भाग वादीले प्रतिवादीहरूबाट अंश पाउने ठहर गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०६७।९।२८ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको फैसला सदर हुने।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल मङ्सिर ५ गते रोज ६ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर, २०६५-CR-०३१६**, भ्रष्टाचार, *नेपाल सरकार वि. विनयकुमार गामीसमेत*

मुद्दाको विषयवस्तु आयोजनाको सिञ्चितक्षेत्र होइन। विषयवस्तु भनेको कुलो तथा नहरको मर्मत र सम्भार हो। यसका लागि कुलो तथा नहर कुनकुन ठाउँमा के कस्तो अवस्थामा छन् सो कुरा स्पष्ट हुनुपर्छ। कुन ठाउँको कति रोपनी, कि.मी. आदि केही स्पष्ट नभएको आयोजनाको सिञ्चितक्षेत्र भन्ने सगोलको भाषा समाती सरकारी कर्मचारी रहेका प्रतिवादीहरूलाई भ्रष्टाचारको कसुरमा दोषी ठहर गर्नु उचित नहुने।

योजनाको काम भए नभएको भन्ने कुराको जाँचबुझ गर्ने जिम्मेवारी पाएका व्यक्तिले सम्बन्धित ठाउँमा गई आफैंले जाँचबुझ गरी प्रतिवेदन दिएको नभई जाँचबुझ नै नगरी सुने सुनाएको भरमा प्रतिवेदन दिएको देखिन्छ। उक्त मुचुल्काको रोहवरमा स्थानीय गा.वि.स.का प्रतिनिधि वा प्रतिवादी कुलबहादुर भण्डारीबाहेकका अरू प्रतिवादी रहे बसेको देखिँदैन। जाँचकर्ताले प्रत्यक्ष अवलोकन नगरेको र सुने सुनाएको आधारमा दिएको प्रतिवेदन शंकास्पद नै हुने हुँदा यसलाई निर्विवाद प्रमाणको संज्ञा दिन र यसका आधारमा प्रतिवादी सरकारी कर्मचारीहरूलाई कसुरदार ठहर्‍याउनु संयुक्त राष्ट्रसंघद्वारा अनुमोदित र नेपाल सरकारले हस्ताक्षर गरेको कन्भेन्सनसमेतको विपरीत हुने।

आरोपपत्रमा प्रमाणको रूपमा पेस भएको भिडिओ क्यासेट यस अदालतले खोली हेर्न खोज्दा यावत श्रव्यदृश्य नष्ट भएको स्थिति छ। त्यसमा पनि सो क्यासेट योजनास्थलमा पुगी तयार भएको हो भनी भन्नका लागि पनि सो तयार गर्नु भनी अनुसन्धान अधिकारी वा संयोजकबाट कुनै आदेश भएको देखिँदैन। २०६२।५।२ मा स्थानीय व्यक्तिहरूले गरेको मुचुल्कामा सो भिडियो क्यासेट सम्बन्धित योजनाक्षेत्रमा तयार भएको भनी कुनै कुरा उल्लेख भएको पाइँदैन। न तत्सम्बन्धमा स्थानीय व्यक्तिहरूको छुट्टै मुचुल्का खडा भएको देखिन्छ। त्यस्तो भिडिओ क्यासेटलाई सरकारी कर्मचारी रहेका प्रतिवादीहरूले चुनौती दिएको सन्दर्भमा यी प्रतिवादीहरू विरूद्धको अकाट्य प्रमाणको रूपमा मात्रै होइन सान्दर्भिक प्रमाण relevant evidence को रूपमा समेत ग्रहण गर्न मिल्ने नदेखिने।

नेपाल सरकारले प्रतिवादीहरूले गरेको मौकाको बयानलाई पुनरावेदनपत्रको आधार बनाउन सकेको छैन। वादीले नै कुनै लिखतलाई पुनरावेदन

पत्रको आधार बनाउन सक्तैन भने यस अदालतले त्यसमा प्रवेश गरिरहनु आवश्यक नहुने।

कार्यालयका पदाधिकारीले जब मन लाग्यो जसरी मन लाग्यो काम गर्ने होइन। कार्यालयमा हुने कामकारवाही एउटा पद्धति र प्रचलनमा आधारित हुन्छ । प्रत्येक कामको कार्यालयमा अभिलेख रहन्छ। तर प्रतिवादी विनयकुमार के कुन मितिमा साइटमा गए तत्सम्बन्धमा कार्यालयमा कुनै उजुरी परेर त्यसको जाँचबुझको लागि गएका हुन् वा निरीक्षणको क्रममा गएका हुन् यससम्बन्धमा उक्त कार्यालयमा कुनै टिप्पणी उठेको, सदर भएको र भ्रमण आदेश खडा भएको सो बमोजिम दैनिक र अरू भत्ताको भुक्तानी भएको तथा निरीक्षणपछि प्रतिवेदन दिनैपर्ने दायित्वबमोजिम प्रतिवेदन दिइएको समेतका लिखतहरू वादीले प्रस्तुत गर्न सकेको देखिँदैन। यसबाट प्रतिवादी विनयकुमारको उल्लिखित बयानलाई स्वेच्छाको बयान मान्न नमिल्ने।

यी प्रतिवादीहरू रकम लेनदेन गर्न वा सोको तयारी वा उद्योगमा संलग्न रहेको कुरा अथवा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ गैरकानूनी लाभ वा हानि पुर्‍याउने बद्नियतले सो दफामा उल्लेख भएका कामहरू गरेको कुरा प्रमाणित हुन सकेको देखिँदैन । त्यसमाथि त्यसबेलाको माओवादी द्वन्द्वको विशेष परिस्थिति तथा मुद्दामा यी प्रतिवादीहरूले लामो कालसम्म व्यहोर्नु परेको हैरानीसमेतका समग्र अवस्थाको मूल्याङ्कनबाट प्रतिवादी सरकारी कर्मचारीहरूलाई सफाइ दिएको विशेष अदालत काठमाडौंको फैसलालाई अन्यथा भन्न मिलेन । यी प्रतिवादीहरूको हकमा विशेष अदालत काठमाडौंको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

फिल्डम्यानले मर्मत सम्भारको नापजाँचको टिपोट ल्याएपछि निजसँग र उपभोक्ता समितिका अध्यक्षले भुक्तानीका लागि निवेदन दिएपछि निजसँग पनि सोधपुछ गरी भुक्तानी दिने निर्णयमा पुगियो भन्ने व्यहोरा उल्लेख गरेका हकमा त्यस्तो आधारमा कार्यालय प्रमुख र जिम्मेवार कर्मचारीले जिम्मेवारीबाट पन्छिन नमिल्ने।

प्रतिवादी सानुनारायणले कार्यालयप्रमुखले गलत किसिमले भुक्तानीको आदेश दिँदैमा भुक्तानी गर्न निज बाध्य नभई यसमा सोधपुछ गर्ने र माथिल्लो निकायमा जाहेर गर्नका लागि निजलाई बाधा नरहेकामा सो केही नगरी फिल्ड निरीक्षण नभई भुक्तानी गर्न नहुने कुराको निजलाई जानकारी हुँदाहुँदै भुक्तानी गरेको र फिल्डम्यान कुलबहादुर भण्डारीले पनि यस सम्बन्धी यथार्थ विवरण कार्यालय प्रमुख र इन्चार्ज बिन्देश्वर साहसमक्ष जाहेर नगरी आफ्नो जिम्मेवारी पूरा नगरी लापरवाही गरेकाले निजहरूले पदीय कामकारवाहीमा लापरवाही गरी तोकिएको जिम्मेवारीलाई इमान्दारीपूर्वक पूरा गरेको नदेखिने।

इजलास अधिकृत: जवाहरप्रसाद सिंह
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७१ साल फागुन १० गते रोज १ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०१४६, बहाल भराई घरबाट उठाई चलन चलाई पाउँ, *इन्द्रनारायण मानन्धर वि. कृष्णभक्त मानन्धर*

सर्वोच्च अदालत अभिलेख अदालत भएकाले यसको फैसलामा उल्लेख भएको कुराको विरूद्धमा कुनै निष्कर्ष निकाल्न सक्ने अवस्था हुँदैन। न त यो फैसलाका विरूद्धमा तल्लो अदालतको फैसलाहरूलाई प्रमाणमा लिन मिल्ने हुन्छ । उक्त फैसलाले प्रतिवादीले आधार लिएको २०४३।७।२७ को सर्जमिनको पनि निराकरण गरी कि.नं २०९ को क्षेत्रफल २-९-०-० जग्गामा वादीले घर बनाएको भन्ने ठहर गरी सो आधारमा समेत विपक्षी वादीको मोहियानी हक कायम गरेर विवादित घर वादीले बनाएको कुराको कानूनीरूपमा टुङ्गो लगाएको अवस्थामा त्यस विरूद्ध अन्य तथ्यगत प्रमाण लाग्नसक्ने अवस्था नहुने।

नक्सा मुचुल्काका बहुमतले प्रतिवादीले २०३२ सालदेखि बसोबास गरिआएको वा भूमिसुधार कार्यालयबाट भएको २०४३।७।२७ को सर्जमिन वा प्रतिवादीको नाममा २०३४।४।७ मा विद्युत जडान भएको २१५-०८-६१ नं. को ग्राहक कार्ड, खानेपानी संस्थानले प्राप्त १७३९४ एरिया नं १६/२२/२७

उल्लेख गरी धारा जडान गरेको कार्य र का.म.पा., माछापोखरी मार्ग भनी प्रतिवादीका नाममा घर नं. १-५३२ कायम गरेको तथ्य समेतका आधारमा हक कायम गर्न मिल्ने हुँदैन। धारा बत्ती जडान गर्ने कार्य वा का.म.पा. ले प्रदान गरेको घरको नं. ले स्वामित्व प्रदान गर्ने हैसियत नराख्ने।

विवादित घर प्रत्यर्थी वादीले बनाएको ठहर्‍याई काठमाडौं जिल्ला अदालतको मिति २०६५।९।१ को फैसलालाई केही उल्टी गरी विवादित कि.नं. २०९ को क्षेत्रफल ३-६-१-० मध्ये २-९-०-० जग्गामध्ये कि.नं. १८९ समेतको जग्गामा रहेको घरबाट यी प्रतिवादीलाई उठाई वादीले चलनसमेत चलाई पाउने ठहर्‍याएको र भाडा रकम दिलाइपाउँ भन्ने वादीदावी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला सदर हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम्।

## इजलास नं. ८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०७१-RC-००९९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. टेक सिंह साउद*

मृतक रोहित साउदको मृत्यु Cardiorepiratory arrest may be due to multiple physical assault को कारणले भएको भन्ने शव परीक्षण प्रतिवेदन र प्रतिवादीले अदालतमा बयान गर्दा रोहित साउदको मृत्यु मैले मारी भएको हो, मिति २०६७।१२।२६ गते मेरी श्रीमतीले छोरालाई छोडी माइतीघरमा जाने हुँदा मारेको हुँ। रोहित साउद मेरो छोरा हो। मिति २०६७।११।२१ गते नीजलाई मैले जिउँदै खाडलमा गाडेकामा गाउँलेहरूले बचाएका थिए। २५ गते श्रीमती आफैं माइत गएकीले ऐ. २६ गते छोरालाई श्रीमतीको रिसले मारेको हो। जाहेरी समेतका अन्य कागज ठीक छ भन्ने समेत व्यहोराको प्रतिवादी टेक सिंह साउदको अधिकारप्राप्त अधिकारी र अदालतमा समेत साबिति बयान गरेको देखियो। निजको बयानलाई जाहेरी दरखास्त, मृतकको आमा पुरन सिंह साउदको भनाइ, बुझिएका प्रमाणसमेतले पुष्टि गरेको देखिँदा प्रतिवादी टेक सिंह साउदले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिम कसुर गरेकामा विवाद नहुँदा प्रतिवादी टेकसिंह साउदले अभियोग दावीबमोजिमको कसुर गरेको ठहर्‍याई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको बैतडी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७०।१२।२० फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः शा.अ.अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७१ साल चैत २० गते रोज ६ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०६४९, उत्प्रेषण/परमादेश, *अनिलकुमार तिमिल्सिना वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

निवेदकले रिट निवेदन दायर गरेको कानूनसम्मत नभएको र स्वयम् रिट निवेदकले निवेदनपत्रको प्रकरण नं. ७ मा उल्लेख गर्नुभएको *नेकाप* २०५५ अङ्क ८ को पृष्ठ ४३६ मा प्रकाशित नि.नं. ६५७९ को फैसला गौचर जग्गाको दर्ता बदर भन्ने मुद्दामा जिल्ला अदालत, मध्यमाञ्चल क्षेत्रीय अदालत, सर्वोच्च अदालत संयुक्त इजलास र पूर्ण इजलासबाट साधारण अधिकारक्षेत्रअन्तर्गत भएको त्यस अनुसारसमेत मालपोत कार्यालयको त्रूटि निराकरणका लागि निवेदकलाई कानूनले प्रभावकारी वैकल्पिक उपचार प्रदान गरेकाले विपक्षीहरूसँग लिखितजवाफ माग गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०६५७, परमादेश, *तुलबहादुर सुनार वि. मालपोत*

*कार्यालय, कास्की पोखरा*

निवेदन व्यहोराबाटै विवादित जग्गा व्यक्ति विशेषको हकको नभई नेपाल सरकारको हकको जग्गा देखिन्छ । निवेदकले निवेदन दिएको लामो समय व्यतीत भएको भन्न नमिल्ने ।

रिट आदेश भनेको कानूनप्रदत्त हक र मौलिक हकको अवरोध निराकरण गर्नको लागि जारी हुने आदेश हो । मौलिक हक भनेको पनि विधिसम्मत हुनुपर्छ । सरकारी हकको जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गर्ने कुरामा सरकारले कानूनबमोजिम गर्न पाउनुपर्ने हुन्छ । यस अदालतले विवादित जग्गाहरू निवेदकको नाउँमा दर्ता नै गर्नु भनेर रिट क्षेत्रबाट भन्न मिल्दैन । दर्तासम्बन्धी निवेदकको निवेदन सम्बन्धित कार्यालयमा विचाराधीन नै रहेको तथा लामो समय पनि व्यतीत नभएको अवस्था हुँदा विपक्षीहरूले केही गरे बिराएको भन्न मिलेन । प्रथम दृष्टिमा नै विपक्षीहरूबाट लिखितजवाफ माग गर्नुपर्ने अवस्था नरहेकाले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०६७४, उत्प्रेषण/परमादेश, *सत्यनारायण दायमा वि. जिल्ला प्रशासन कार्यालय, मोरङ विराटनगरसमेत*

रिट आदेश भनेको विवादरहित कानूनसम्मत हक प्रचलनको लागि जारी हुने आदेश हो । तर विवादित घर जग्गाबाट निवेदकको हक टुटिसकेको अवस्था रहेकाले सो घर जग्गा खाली गराउने सम्बन्धमा भएको विपक्षी जिल्ला प्रशासन कार्यालयको मिति २०७१।९।१७ को निर्णयलाई चुनौती दिने निवेदकको हकदैयाको अभाव देखिँदा विपक्षीहरूबाट लिखितजवाफ माग गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०६८१, उत्प्रेषण/परमादेश, *चन्द्रावती श्रेष्ठसमेत वि. राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा काठमाडौंसमेत*

अदालतमा विचाराधीन रहेको विषयमा अदालती काम कारवाहीको प्रक्रियाले अन्तिम रूप लिन नपाउँदै त्यसमा यस अदालतले रिटबाट हस्तक्षेप गर्नु रिट क्षेत्राधिकारको सिद्धान्तसँग मेल खाने देखिँदैन । प्राङ्न्याय आकर्षित हुने कि नहुने भन्नका लागि पनि यस अदालतले सम्बन्धित ऐन र भएको काम कारवाहीको गहन अध्ययन गर्नुपर्ने हुन्छ । तर साधारण मुद्दा जस्तो विषयवस्तुको तथ्यभित्र प्रवेश गरी रिटबाट बोल्नु उपयुक्त नहुने ।

जिल्ला अदालतको अधिकारक्षेत्रलाई स्वीकार गरिसकेपछि तत्सम्बन्धमा भएको बीचबीचको काम कारवाहीलाई यो अथवा त्यो आधारमा चुनौती दिनु उपयुक्त नभएको र निवेदन जिकिरलगायतका यावत विषयमा निर्णय हुन बाँकी नै रहेको तथा निर्णय भइसकेपछि त्यसमा चित्त नबुझेमा पुनरावेदन गर्ने कानूनी हक पनि विद्यमान रहेकाले प्रस्तुत विषयमा रिटबाट हस्तक्षेप गर्नु मनासिब नदेखिएकाले विपक्षीहरूबाट लिखितजवाफ माग गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०६५६, परमादेश, *भीमबहादुर विश्वकर्मा वि. मालपोत कार्यालय, कास्की पोखरा*

रिट आदेश भनेको कानूनप्रदत्त हक र मौलिक हकको अवरोध निराकरण गर्नको लागि जारी हुने आदेश हो । मौलिक हक भनेको पनि विधिसम्मत हुनुपर्छ । सरकारी हकको जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गर्ने कुरामा सरकारले कानूनबमोजिम गर्न पाउनुपर्ने हुन्छ । यस अदालतले विवादित जग्गाहरू निवेदकका नाउँमा दर्ता नै गर्नु भनेर रिट क्षेत्रबाट भन्न मिल्दैन । दर्तासम्बन्धी निवेदकको निवेदन सम्बन्धित कार्यालयमा विचाराधीन नै रहेको तथा लामो समय पनि व्यतीत नभएको अवस्था हुँदा विपक्षीहरूले केही गरे बिराएको भन्न मिलेन । प्रथम दृष्टिमा नै विपक्षीहरूबाट

लिखितजवाफ माग गर्नुपर्ने अवस्था नरहेकाले प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०६६४, उत्प्रेषण, *जयकलीदेवी साह वि. रामविनय साहसमेत*

आफूउपर दायर लेनदेन मुद्दामा भएको फैसला कार्यान्वयन हुन्छ भन्ने कानूनी कुराको निवेदिकाले हेक्का नराख्ने तर लिलाम बढाबढमा अनावश्यक विवाद खडा गर्ने कार्य उपयुक्त मानिदैन। अत्यधिक विलम्बले गर्दा निवेदिकाले रिटबाट उपचार पाउने हक गुमाउनु भएको छ। सरसर्ती हेर्दा पनि गा.वि.स. को प्रतिनिधिको रोहवरमा स्थानीय वडाकै दुईजना भलाद्मी साक्षी बसी उक्त म्याद तामेल भएकालाई बेरीतको भन्न मिल्ने देखिँदैन। सोबाहेक अन्य तथ्यगत कुराको छिनोफानो रिटबाट हुनसक्ने नभई निवेदिकाको प्रस्तुत निवेदन ग्रहणयोग्य देखिन नआएकाले विपक्षीहरूबाट लिखितजवाफ माग गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WH-००५९, बन्दीप्रत्यक्षीकरण, कपिल अधिकारी *महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत*

बन्दीप्रत्यक्षीकरणको आदेश गैरकानूनी र अवैध थुना विरूद्ध जारी हुने आदेश हो। निवेदकउपर कानूनबमोजिम मुद्दा चलेको र सक्षम अदालतबाट फैसला भएको पाइन्छ । अधिकारक्षेत्रको त्रूटि रहेकोसमेतको कारणबाट उक्त फैसला स्वतः शून्य रहेको स्थिति छैन। अतः निवेदकको थुना अवैध रहेको नपाइएको तथा मुलुकी ऐन, अ.बं. १९४ नं. को उपचार लिनका लागि निवेदकलाई कुनै बाधा अवरोध रहेको अवस्था नहुँदा तत्सम्बन्धमा कुनै मागसमेत नगरेकाले विपक्षीहरूसँग लिखितजवाफ माग गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७१-RE-०२०२, वैदेशिक रोजगार, *कमल रायमाझी वि. नेपाल सरकार*

यसमा निवेदक प्रतिवादी कमल रायमाझीले वैदेशिक रोजगार विभागमा बयान गर्दा आफ्नो वतन अभियोगपत्रमा लेखिएको वतन नै देखाएको भई सोही वतनमा नै म्याद तामेल भएको देखिएको हुँदा सो वतनमा तामेल भएको म्याद निवेदकको नभएको वतनमा तामेल भएको भन्न नमिल्ने हुँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।१२।१२ मा भएको आदेश परिवर्तन गर्नु परेन । कानूनबमोजिम गर्नू।
इति संवत् २०७२ साल जेठ ६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-०६४२, (०७१-AP-०२६९), अंश चलन, *दीपकराज गोर्खाली श्रेष्ठ वि. अङ्कित गोर्खाली श्रेष्ठसमेत*

यसमा पुनरावेदन अदालत, पाटनबाट भएको फैसलाउपर यस अदालतबाट मिति २०७१।७।२५ मा मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भएका अवस्थामा तल्लो तहमा रहेको मुद्दाको फैसला कार्यान्वयन नै विचाराधीन रहेको देखिँदा यस अदालतबाट अन्तिम फैसला नहुँदासम्मका लागि फैसला कार्यान्वयन गर्ने कार्य नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५२ बमोजिम यो अन्तरकालीन आदेश जारी गरिदिएको छ । यस अदालतका का.मु. रजिस्ट्रारबाट जग्गा रोक्का नराख्ने गरी मिति २०७१।११।१४ मा भएको आदेश बेरीतको

देखिँदा बदर गरिदिएको छ । नियमानुसार गरी पेस गर्नू ।

इति संवत् २०७१ साल चैत २९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-RE-०१९९, भन्सार महसुल, *वीरगन्ज भन्सार कार्यालय, पर्सा वि. राजस्व न्यायाधिकरण, काठमाडौंसमेत*

यसमा वीरगन्ज भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा ५७(६) बमोजिम आयातकर्ता हाइटेक ट्रेडिङ प्रा.लि. काठमाडौंलाई जरिवाना गर्ने गरी २०७१।३।३ मा टिप्पणी आदेश गरेको देखिन्छ । उक्त टिप्पणी आदेश अन्तर्कालीन आदेश नभई त्यसले भन्सार महसुलसम्बन्धी विवादको अन्तिम निर्णय नै गरेको अवस्था छ । यस्तो विषयमा सोही ऐनको दफा ६२ को उपदफा (१) मा "... त्यसरी भन्सार महसुल निर्धारण भएको वा दण्ड सजाय दिएको वा निर्णय भएको मितिले ३५ दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ" भनी स्पष्ट उल्लेख भएको पाइन्छ । सरकारी अड्डा अदालतको त्रूटिपूर्ण निर्णय पनि बदरयोग्य मात्र हुन्छ । सो बदर गर्ने कार्य पुनरावेदनपत्रबाट या रिट आदेशहरूबाट हुन्छ । आयातित सामानको उत्पादन कुन मुलुकमा भएको हो भन्ने विवादको निरूपण मुलुकी ऐन, अ.बं. १७ नं. को दायराभित्र पर्ने देखिँदैन । यसमा निवेदकले मुलुकी ऐन, अ.बं. १७ नं. को आधार लिएको पनि देखिँदैन । वीरगन्ज भन्सार कार्यालय र राजस्व न्यायाधिकरण दुवै निकाय कानूनबमोजिम गठित निकाय रहेका र यससँग सम्बन्धित भन्सार ऐन, २०६४ तथा राजस्व न्यायाधिकरण ऐन २०३१ ले ती निकायको काम कर्तव्य र अधिकारको व्यवस्था गरेकाले निवेदन दिने र निर्णय गर्नेले पनि कानूनको स्रोत नखुलाई एउटा पक्षलाई असर पर्ने गरी कुनै काम कारवाही तथा निर्णय गर्न नहुने सर्वमान्य सिद्धान्त रहेको छ । राजस्व न्यायाधिकरण जस्तो गम्भीर जवाफदेही बोकेको निकाय यसप्रति असाबधान रहेको पाइयो । अब यस सम्बन्धमा वीरगन्ज भन्सार कार्यालयको निर्णयमा उल्लेख भएबमोजिम Proforma Invoice र Commercial Invoice मा उत्पादक मुलुकको बारेमा कुनै कुरा उल्लेख भएको पाइँदैन । प्रस्तुत विवादको निरूपणको लागि ती दुई बिल बिजक महत्त्वपूर्ण प्रमाण हुन्छ तर ती बिलहरूमा उल्लेख नभएको कुरा Certificate of Origin को पुछारमा all the goods were produced in China भनी उल्लेख भएको आधार लिनु पर्ने भन्ने विपक्षी आयातकर्ताको जिकिर भन्सार कार्यालयको निर्णयउपर कानूनबमोजिम पुनरावेदन परी निर्णयबाट उल्टी नभएसम्म स्वीकार गर्न मिल्ने देखिँदैन । अतः यसमा आयातित सामानमा Denmark किन उल्लेख भयो त्यसतर्फ न्यायिक मनको प्रयोग नगरी सामानमा उल्लिखित Bar Code बाट उल्लिखित सामान Denmark को उत्पादन भएको भन्ने कुरा छर्लङ्ग हुँदाहुँदै पनि त्यससम्बन्धमा थप प्रमाण र अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी तौरतरीका र नियम केही नबुझी पहिले पनि यसै गरी जाँच पास भइरहेको भन्ने यान्त्रिक आधारलाई मात्र ग्रहण गरी वीरगन्ज भन्सार कार्यालयको टिप्पणी आदेशलाई सामान्य निवेदनको भरमा बदर गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०७१।१०।२३ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । कानूनबमोजिम गर्नू ।

इति संवत् २०७२ साल जेठ २२ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RE-०१३०, कर्तव्य ज्यान, *अंशी राईन वि. नेपाल सरकार*

यसमा यी प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती प्रमाणको रोहमा अदालतबाट परीक्षण हुन बाँकी नै रहेको देखिए पनि प्रमाण ऐन, २०३१ को दफा ९ र दफा १८ ले पक्षले व्यक्त गरेको कुरा तथा अनुसन्धानका सिलसिलामा तयार भएका लिखतहरूलाई तत्काल प्राप्त प्रमाणको रुपमा अङ्गिकार गर्नुपर्ने नै देखिएकाले मुद्दाको समग्र प्रमाणको मूल्याङ्कन विवेचना गरी हाल यी प्रतिवादीलाई थुनामुक्त गरिनुपर्नेसम्मको अवस्था विद्यमान नदेखिँदा धनुषा जिल्ला अदालतले यी प्रतिवादी निवेदकलाई थुनामा राखी पुर्पक्ष गर्ने गरी मिति २०७१।९।१७ मा गरेको आदेश सदर गर्ने गरेको त्यस अदालतको मिति २०७१।६।२३ को आदेशलाई बेरीतको मान्न

मिलेन । प्रस्तुत मुद्दाको समग्र प्रमाणहरूको विवेचना तल्लो अदालतबाट हुने नै हुँदा कानूनबमोजिम गर्नू।
इति संवत् २०७१ साल चैत २५ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RE-००७६, अपहरण तथा शरीर बन्धक उद्योग, *एडा भन्ने सुनिल पाण्डे वि. नेपाल सरकार*

यसमा यी प्रतिवादी एडा भन्ने सुनिल पाण्डेले प्रतिवादी चरिको अह्रौटमा लागी जाहेरवालासँग रूपैयाँ माग गरेको भन्नेमा साबिती रहेको देखियो । जाहेरवालासँग रूपैयाँ माग गर्दा पक्राउ गरिएको घेराबन्दी गरेको हातहतियार देखाइएको वा अपहरण गरेको भन्ने देखिँदैन । यी जाहेरवालाको मन्जुरीबिना रकम माग गर्न फोनबाट प्रस्ताव गर्नु र घरमा नै पुगी चरिको अह्रौटको कार्यान्वयन गर्न चाहेको भन्नेसम्ममा साबिती भएको देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रस्तुत मुद्दाको उठान, मुद्दा चल्दाको अवस्था र प्रकृति, प्रतिवादीको उमेरसमेतलाई विचार गरी यी प्रतिवादीबाट मुलुकी ऐन, अदालती बन्दोबस्तको ११८ को देहाय ५ र १० समेतको आधारमा धरौट माग गर्न सक्ने नै देखिँदा प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको मिति २०७१।१।९ को काठमाडौं जिल्ला अदालतको आदेशलाई सदर गर्ने गरी भएको मिति २०७१।३।१३ को त्यस अदालतको आदेश बदर गरिदिएको छ । अब यी प्रतिवादीबाट नगद रू.५०,०००।– (पचास हजार) वा सो बराबरको जेथा जमानत दिए लिई तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नू । सोबमोजिम नगद वा जेथा दिन नसके निज प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू।
इति संवत् २०७१ साल चैत २५ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको ०७१-RE-००७७, अपहरण तथा शरीर बन्धक उद्योग, *एडा भन्ने सुनिल पाण्डे वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**
**- सर्वोच्च अदालत, मेलमिलाप समिति**